मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १९६ ● २०८१ साल जेठ २३ गते बुधबार ● Wednesday 05, June 2024 ● सूर्योदय: बिहान ५:११ बजे ● सूर्यास्त: साँझ ६:५६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## पर्साका नेता:जिल्लामा ‘ढाडसका भारी’ र केन्द्रमा ‘डिब्बा खाली’





**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशको आर्थिक राजधानीका नामले परिचित पर्साले नेपालको राष्ट्रिय राजनीतिमा राम्रै प्रभाव पारिरहेको छ । पर्साबाट एकसे एक नेता जिल्लावासीको मत पाएर राष्ट्रिय राजनीतिमा स्थापित भइरहेका छन् । कांग्रेस नेता सुरेन्द्र चौधरी, रमेश रिजालजस्ता प्रभावशाली नेता पर्साकै हुन् । धेरै पुराना र स्थापित नेताका रुपमा उनीहरुको परिचय छ । पछिल्लो समय जसपा नेपालबाट विभाजित भएर बनेको जसपाका उपमहासचिव एवम् सांसद प्रदीप यादवले पनि आफ्नो राजनीतिक छविलाई प्रभावशाली रुपमा स्थापित गराएका छन् । २०७४ र २०७९ को आमनिर्वाचनमा लगातार विजयी हासिल गरेका यादव राजनीतिक जीवनमा दुई पटक मन्त्री बनिसकेका छन् । अहिले नेकपा एमालेको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा यादव ‘मालदार’ मानिने स्वास्थ्य जनसंख्या मन्त्रालयमा मन्त्री छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सरकारबाट बाहिरएपछि उनी स्वास्थ्य मन्त्री नियुक्त भएका हुन् । मन्त्री बनेदेखि नै प्रदीप यादवले छुटै राजनीति ‘स्वाग’ देखाइरहेका छन् ।

मन्त्री बनेपछि पहिलोपटक गृहजिल्ला आएका उनलाई भव्य स्वागत गरिएको थियो । जिल्लामा उनी जहाँ जान्छन्, एक–दुई दर्जन कार्यकर्ता बोकेर पुग्छन् । जिल्लामा उनको राजनीतिक छवि राम्रै छ । जनताले उनको राजनीतिक सक्रियताको प्रशंसा गर्छन् । उनी मन्त्री बनेसँगै केही निकटका कार्यकर्ताहरु खुसीले अनावश्यक रुपमा गदगद् पनि छन् र कोही केही फाइदा लिन सकिन्छ कि भन्दै मौका ताकेर बसेका छन् ।

कतै कुनै अस्पतालमा नियुक्त पाउँन सक्छु कि भनेर समय कुरेर बस्ने पनि छन् । उनलाई नजिकबाट चिन्ने र बुझने एक जानकार भन्छन्, ‘मन्त्रीजी जहिले पनि सक्रिय रहनुहुन्छ । जनताको काम पनि गर्नु हुन्छ, आफ्नो–आफन्तको ख्याल पनि गर्नुहुन्छ । सकेसम्म सबैलाई खुशी बनाउन सक्रिय हुन्छन् ।’

२०७९ को आमनिर्वाचनपछि पर्साले दुई प्रभावशाली नेतालाई मन्त्रीका रुपमा पाएको छ । पछिल्लो प्रचण्ड सरकारमा कांग्रेसका पुराना नेता रमेश रिजाल उद्योग, वाणिज्य तथा

*बाँकी पृष्ठ २ मा*

# ६ वर्षपछि सत्ताबाट बाहिरिँदै जसपा नेपाल

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
संघीयता अभ्यासको पहिलो कडीमा बनेको प्रदेश सरकार पनि हाँकेको र दोस्रोपटक प्रदेश सरकार पनि हाँक्ने अवसर पाएको मधेशबाट उदाएको राष्ट्रिय पार्टी जनता समाजवादी पार्टी नेपाल सम्भवतः पहिलोपटक कमजोर अंकगणितसहित मधेश प्रदेश सरकारबाट आज बुधबार बाहिरिँदैछ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सभामा पाँचौँपटक विश्वासको मत लिने कार्यक्रममा उनलाई आवश्यक ५४ मत नपुग्ने देखिएकाले जसपा नेपालको सरकार लगातार ६ वर्ष सत्ता हाँकेर प्रदेशबाट बाहिरिँदैछ । बुधबार दिउँसा ३ बजे बस्ने बैठकमा विश्वासको मत लिने कार्यक्रम तय भएको छ ।

नेकपा एमाले र माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन वैशाख ३० गते फिर्ता लिएपछि संवैधानिक प्रावधानअनुसार मुख्यमन्त्री यादवले प्रदेश सभाबाट विश्वासको मत लिन लागेका हुन् । तर अहिलेसम्मको अवस्थामा यादव नेतृत्वको सरकारले सहजरुपमा विश्वासको मत पाउने भने अवस्था देखिएको छैन । नेकपा एमाले, माओवादी केन्द्र र जनमत पार्टीबीच सरकार बनाउने सहमति भएको छ । तीन दलबीच जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति भए पनि आवश्यक बहुमतका लागि भने नेकपा एकीकृत समाजवादी र लोसपामध्ये एक दलको समर्थन आवश्यक पर्छ तर दुवै दल मंगलबार साँझसम्म तटस्थ देखिएका छन् । अर्कोतिर जसपा नेपाल नै विभाजन भएपछि मधेश प्रदेशमा उनीहरुका प्रदेश सभा सदस्य विभाजित भएको पाइएको छैन । अदालती प्रक्रियाले पनि यो काम रोकेको छ ।

मधेश प्रदेश सभाको मंगलबार बसेको बैठकले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेका तर्फबाट प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलका लागि समितिमा पठाउन प्रस्ताव र खेलकुद तथा समाज कल्याण मन्त्री सुरिताकुमार साहले बालअधिकार ऐन २०७७ संशोधनका लागि दफावार छलफलका लागि समितिमा पठाउने प्रस्ताव प्रस्तुत भएको थियो । प्रस्तावलाई बैठकले स्वीकृत गरेको छ ।

यता, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता शरदसिंह भण्डारीको उपस्थितिमा बसेको बैठकले मधेश प्रदेशको राजनीतिक अवस्थाबारे समीक्षा गरेको छ । अध्यक्ष ठाकुरले लोसपाका ८ प्रदेश सभा सदस्यलाई बोलाएर राजनीतिक परिस्थितिका विषयमा समीक्षा गरेका हुन् । लोसपाका मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलले बैठकमा कुनै ठोस निर्णय नभए पनि प्रदेशको समग्र राजनीतिक विषयवस्तुमा छलफल भएको जानकारी दिए । उनले विश्वासको मत दिनुपूर्व नै पार्टीले आफ्नो भूमिका प्रष्ट गर्ने र अहिले राजनीतिक विषयमा प्रदेश सभा सदस्यसँग अध्यक्ष र वरिष्ठ नेताले जानकारी मात्र लिएको बताए । सोनलले कुनै खासै निर्णय भने नभएको जानकारी दिए ।



जसपा नेतृत्वमा रहेको मधेश सरकारबाट नेकपा एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको छ । नेपाली कांग्रेसले सरकारलाई समर्थन दिने तयारी गरे पनि कांग्रेसले समर्थन गर्दासमेत सरकारलाई आवश्यक बहुमतका लागि लोसपा र नेकपा एकीकृत समाजवादी पार्टीको भर पर्नु पर्ने बाध्यता छ । नेकपा एस र लोसपाले कसलाई मत दिने भन्ने प्रष्ट पारेका छन् छैनन् । यस्तो अवस्थामा २०८० कात्तिकदेखि कामै गर्न नसकेका र विश्वासको मत लिँदै सत्तामा टिकिरहेका सरोजकुमार यादव नेतृत्वको सरकार मधेश प्रदेशबाट बदनामी कमाउँदै बहिर्गमन हुने देखिएको छ । अघिल्लो आर्थिक वर्षमा यादव नेतृत्वको सरकारले २ अर्ब ३४ करोड रुपैयाँ रकमान्तर गरेको विषयमा संसदीय छानबिन समिति बने पनि अर्थमन्त्री सञ्जयकुमार यादवलाई जोगाउन मुख्यमन्त्री यादवले प्रतिवेदन बाहिर नै ल्याउन दिएनन् । मुख्यमन्त्री कार्यालयमा बजेट नराखी भ्रष्टाचार नगरेको भने पनि यो वर्ष पनि मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीको कार्यालयसहित धेरै मन्त्रालयको बेरुजु केही साताअघि सार्वजनिक भइसकेको छ ।

## कांग्रेस जसपा नेपालको पक्षमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका लागि नेपाली कांग्रेसले मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारलाई विश्वासको मत दिने निर्णय गरेको छ । संसदीय दलमा मंगलबार बसेको कांग्रेसको बैठकले मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई विश्वासको मत दिने निर्णय गरेको हो । संसदीय दलका प्रमुख कृष्ण यादवले बुधबार सदनबाट मुख्यमन्त्री यादवले लिन लागेको विश्वासको मतमा जसपा नेतृत्वको सरकारलाई समर्थन गर्ने निर्णय भएको बताए । माओवादी र एमाले बाहिरिएपछि पाँचौँपटक लिन लागिएको विश्वासको मतमा मुख्यमन्त्री यादवको पक्षमा उभिने निर्णय भएको बैठकमा सहभागी प्रदेश सांसद श्याम पटेलले बताए । मधेश प्रदेश सभामा कांग्रेसका २२ प्रदेश सांसद छन् । जसपासँग कांग्रेस उभिएपछि यो दलका सांसदहरुको संख्या ४१ पुगेको छ । सरकार निर्माणका लागि ५४ सांसदको समर्थन आवश्यक छ । एमाले र माओवादीले सरकारबाट समर्थन फिर्ता लिएको २५ औँ दिनमा मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन् ।

## चुरे संरक्षण नहुँदा पानीको समस्या



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)का सांसद प्रभु साहले चुरे संरक्षण नहुँदा तराई मधेशमा पानीको समस्या भएको बताएका छन् । मंगलबार प्रतिनिधि सभाको विशेष समयमा बोल्दै उनले चुरेको वन फँडानी भएको, जंगली जनावरसमेत नरहने अवस्था आएको र पर्यावरणमा समस्या उत्पन्न भएको बताए । स्थानीय जनप्रतिनिधि, सांसद नै चुरे दोहनमा संलग्न रहेको र यस्तो प्रवृत्तिको संरक्षण प्रमुख राजनीतिक दलका प्रमुख नेताहरूबाट भइराखेको साहले आरोप लगाए ।

चुरे संरक्षणका लागि बन्ने समितिहरू पनि राजनीतिक भागबन्डाको आधारमा हुने र गएको बजेट भागबन्डामा वितरण हुने अवस्था रहेको उनले बताए ।

चुरे संरक्षण गर्न दोहनमा संलग्नमाथि छानबिन हुनुपर्ने बताउँदै सांसद साहले यसका लागि संसदीय छानबिन समिति बनाउन आवश्यक रहेको दावी गरे ।

## यादवको मुद्दा हेर्दाहेर्दैमा

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो दल विभाजनविरुद्ध सर्वोच्च अदालतमा दायर गरेको मुद्दामा मंगलबार पनि सुनुवाइ हुन सकेन । न्यायाधीशद्वय कुमार रेग्मी र तिलप्रसाद श्रेष्ठको इजलासमा तोकिएको पेशी हेर्न नभ्याउने हुँदै स्थगित भएको हो । यादवको रिट २३ औँ नम्बरमा पेशी थियो । जसपा नेपाल छाडेका अशोक राईसहितका नेताहरूले निर्वाचन आयोगमा अर्को दल दर्ता गर्न निवेदन दिएपछि आयोगले उनीहरूको दल दर्ता गरिदिएको थियो । तर यादवले आफ्नो दल छाडेका नेताहरूले दिएको निवेदनको आधारमा अर्को दल दर्ता गर्नु गैरकानुनी भएको जिकिर गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए ।

त्यस्तै, आफ्नो दल छाडेर जाने ७ संघीय सांसदलाई सांसदको हैसियतमा कामकाज गर्न रोक लगाउन माग गर्दै यादवले सर्वोच्चमै अर्को रिट पनि दिएका छन् । दुवै रिटलाई सँगै राखेर हेर्ने गरी इजलास तोकिए पनि न्यायाधीशहरुले हेर्न नभ्याएका हुन् । यसअघि जेठ १४ गतेको पेशी पनि हेर्न नभ्याउने हुँदै स्थगित भएको थियो । यसअघि इजलासले यादवको पक्षमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । पहिलो सुनुवाइमा आदेश जारी भए पनि राई पक्षले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको थियो । तर दलको रूपमा काम गर्न भने अदालतको आदेशले रोकिएको छ ।

## नेकपा एस पनि बाहिरियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकार गठबन्धनमा रहेको नेकपा एस पनि मंगलबार बाहिरिएको छ । अब सरोज यादव नेतृत्वको प्रदेश सरकारमा जसपा नेपाल मात्र रहेको छ । नेकपा एसबाट गोविन्द न्यौपाने र बेचु लुंगेली मन्त्री थिए । संसदीय दलका नेता न्यौपानेले भने, ‘केन्द्र र मधेश फरक गठबन्धन भएकाले हामीले मधेश प्रदेश सरकार छाडेका हौँ ।’




## मोदी तेस्रोपटक विजयी

**भारत ।**
भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हिन्दू पवित्र शहर वाराणसीको प्रतिनिधित्व गर्ने आफ्नो निर्वाचन क्षेत्रबाट एक लाख ५२ हजार मतान्तरले पुनः निर्वाचित भएका छन् । मोदी र उनका सहयोगीहरू (एनडिए) मङ्गलबार देशको आम चुनावको मतगणनामा विजयका लागि अघि बढिरहेका छ । तर विपक्षी उम्मेदवारले अग्रता लिँदा संसदीय बहुमत अत्यन्त कम भएको छ । टिप्पणीकार र



एक्जिट पोलहरूले मोदीका लागि भारी विजयको प्रक्षेपण गरेका थिए । निर्वाचन आयोगको तथ्याङ्कअनुसार एक दशकमा पहिलो पटक मोदीको भारतीय जनता पार्टी (भाजपा) आफ्नै पूर्ण बहुमत प्राप्त गर्न असफल हुनसक्ने देखिएको छ । यसको अर्थ सरकार बनाउन भाजपा आफ्नो गठबन्धन साझेदारहरूमा भर पर्नुपर्नेछ ।

बयानब्बे प्रतिशत मतगणनामा भाजपाको ३७ दशमलव एक प्रतिशत सन् २०१९ को यसअघिको निर्वाचनको तुलनामा थोरै कम हो । मुख्य विपक्षी कांग्रेस पार्टीले आफ्नो संसदीय सिट झण्डै दोब्बर बनाउन

*बाँकी पृष्ठ २ मा*

# असहायको लागि ५२ अस्पतालमा ३७४ शय्या

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले अशक्त, गरिब र असहाय बिरामीको निःशुल्क उपचार गर्नका लागि तय गरेको प्रणालीमा ५२ अस्पतालका तीन सय ७४ शय्या सुनिश्चित भएको छ । कामपाले रहेको निजी अस्पतालले विपन्न, बेवारिसे र असहाय बिरामीका लागि १० प्रतिशत शय्या अनिवार्य एवं निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने प्रावधानअनुसार अस्पतालले उक्त शय्या विपन्न र असायका लागि छुट्याएका हुन् ।
कामपा स्वास्थ्य विभागका जनस्वास्थ्य निरीक्षक धनेन्द्र श्रेष्ठका अनुसार विसं २०८० फागुनबाट शुरु गरिएको उक्त सेवाबाट अहिलेसम्मा ७० बिरामी लाभान्वित भइसकेका छन् । यसरी सेवा लिन आउनेमा काठमाडौँ उपत्यकाको भन्दा पनि उपत्यका बाहिरका नागरिक बढी रहेका उनले जानकारी दिए । कानुनी व्यवस्थालाई निजी अस्पतालले अटेर गरेपछि कामपाले निःशुल्क स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि, २०८० पास गरेर उक्त व्यवस्था कडाइका साथ कार्यान्वयनमा ल्याएको हो । कामपाले कुन अस्पतालमा शय्या उपलब्ध छ ? र कुन सेवा प्राप्त गर्न सकिन्छ ? भनेर विस्तृत विवरण अनलाइनबाटै पाउन सकिनेगरी व्यवस्था गरिसकेको छ । निःशुल्क उपचार सेवा लिएकामध्ये केही निको भएर घर फर्किसकेका छन् भने केही उपचाररत रहेको कामपाले जानकारी दिएको छ । यसरी सेवा लिनेमा नाक, कान, घाँटी र मिर्गौलाका बिरामी बढी रहेका छन् । त्यस्तै दम, क्षयरोग छाती र आँखासम्बन्धी सेवा लिएका बिरामी रहेको पनि श्रेष्ठले जानकारी दिए । उपचार लिनका लागि समस्या भए वा थप जानकारी आवश्यक परेमा कामपाको स्वास्थ्य विभागमा वा कामपाको हटलाइन नम्बर ११८० मा सम्पर्क गरेर पनि आवश्यक जानकारी लिन सकिने श्रेष्ठले बताए ।
यसरी लिन सकिन्छ सेवा
सरकार/प्रदेश सरकार/स्थानीय सरकारले लक्षित वर्ग हो भनी जारी गरेको कागजात/परिचयपत्र, त्यस्तै राष्ट्रिय परिचयपत्र/नेपाली नागरिकता प्रमाणपत्र/जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि र हालसालै खिचिएको फोटो, रोग पहिचान भएमा सोको कागजपत्र, सम्बन्धित स्थानीय तहको वडाले लक्षित वर्ग हो भनी अनुसूची–४ अनुसारको सर्जमिन गरेको कागज र सम्बन्धित स्थानीय तहको वडा कार्यालयले उपचारको लागि अनुसूची–३ अनुसारको सिफारिस गरेको पत्र आवश्यक पर्ने बताइएको छ । बेवारिसे बिरामीको हकमा आकस्मिक कक्षमा आएका बखत उपचार खर्च नभएका गरिब, विपन्न तथा बेवारिसे बिरामीलाई प्रारम्भिक स्वास्थ्योपचार निःशुल्क प्रदान गर्नुपर्नेछ । रासस

# राजनीतिक अस्थिरता विकासका लागि घातकः मुख्यमन्त्री



**कास्की ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लामो राजनीतिक अस्थिरता मुलकको विकास र जनताका लागि घातक बनिरहेको बताएका छन् । गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराद्वारा मंगलबार यहाँ आयोजित दिगो विकास लक्ष्य हासिल गर्न गण्डकी प्रदेशका स्थानीय तहबाट स्वास्थ्य क्षेत्रमा भएका नवीनतम कार्यसम्बन्धी अन्तर्क्रियामा उनले यस्तो बताएका हुन् ।
मुख्यमन्त्री पाण्डले नेपालमा लामो सयमदेखि भइरहेको राजनीतिक अस्थितरताले जनचाहनानुसार काम गर्न नसकिएको र यसले दलहरूप्रतिको विश्वसनीयता नै कम हुन थालेको बताए । 'राजनीतिक अस्थिरताले सरकार बदलिरहेका छन्, जसले जनचाहना पूरा गर्न नसक्दा राजनीतिक दलहरुप्रतिको विश्वास कम हुँदै गएको छ । प्रदेश सरकारमाथि त झनै प्रश्न उठिरहेको छ' उनले भने, 'प्रदेश सरकारप्रतिको नागरिक धारणालाई सकारात्मक बनाउन सबैले सामाजिक सेवाभावले काम गर्न आवश्यक छ, त्यसमा पनि स्वास्थ्य संस्थामा कार्यरत स्वाथ्यकर्मीको भूमिका अझ बढी छ ।'
गण्डकी प्रदेश सरकारले आधारभूत स्वास्थ्य सेवाबाट कोही पनि वञ्चित हुन नहुने नीतिसहित शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै बताए । ज्येष्ठ नागरिक, बालबालिका र सुत्केरीका लागि केही सहुलियत दरमा उपचार गर्न योजना अगाडि ल्याउन लागिएको पनि उनको भनाइ थियो । 'सङ्घ सरकारले न्यून बजेट दिएकाले चाहेअनुसार जनताको काम गर्न सकिएको छैन, छुट्याएको बजेटसमेत घटाएर पठाउन थालिएको छ', मुख्यमन्त्री पाण्डेले भने, 'प्रदेशभित्रका विपन्न वर्गको निःशुल्क उपचार गर्न स्वास्थ्य संस्थाले मात्र नसकेमा सहलगानीकर्ताको खोजी गर्दै सेवा दिनुपर्छ भन्ने हाम्रो जोड छ ।' स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन सकेमा स्वास्थ्य क्षेत्रका केही समस्या समाधान हुने उनको भनाइ छ ।
कार्यक्रममा सामाजिक तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारीसमेत सम्हाल्दै आउनुभएका ऊर्जा तथा जलस्रोतमन्त्री विन्दुकुमार थापाले प्रदेशका स्वास्थ्य समस्या समाधानका लागि तीनै तहका सरकार मिलेर अगाडि बढ्नसपर्ने बताए । उनले प्रदेश सरकारले यहाँका सबै जिल्लामा रहेका स्वास्थ्य संस्थाको विकास र सेवा प्रवाह सुधारका लागि काम गरिरहेको समेत बताए । गण्डकी प्रदेशका ११ जिल्लाका नगर तथा गाउँपालिकाका प्रमुख र उपप्रमुख सहभागी कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका सचिव विनोदविन्दु शर्माले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै दिगो विकास लक्ष्य हासिल गर्न प्राप्त उपलब्धिबारे प्रकाश पारेका थिए । विभिन्न पालिकाका प्रमुख र उपप्रमुखले आफ्नो जिल्लामा देखिएका स्वास्थ्य समस्या र बजेट अभावका कारण सर्वसाधारणले भोगको समस्याका साथै पछिल्ला समयमा भएका उपलब्धि, स्वास्थ्य बीमाले पारेको सकारात्मक प्रभावका बारेमा जानकारी गराएका थिए । रासस

# हावाहूरीले पण्डालमा क्षति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता सामाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय महाधिवेशनका लागि तयार गरिएको पण्डाललाई हावाहूरीले क्षति पुर्याएको छ ।
सोमबार राति हावाहूरीसँग भएको वर्षाले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित तिरहुतिया गाछीमा महाधिवेशनको लागि बनाइँदै गरेको पण्डालमा क्षति पुर्याएको हो । एक महिनाभन्दा बढी समयदेखि पण्डाल लगाउने काम भइरहेकामा महाधिवेशनको एक साता मात्र बाँकी रहेको समयमा क्षति भएको हो ।
हावाहूरीका कारण गाडिएको बाँस ढलेको छ । टेन्ट लगाउने ठेक्का लिएका ठेकेदार सञ्जय मण्डले हावाहूरीका कारण करिब ८ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको बताए । उनले ६५ लाख रुपैयाँमा टेन्ट लगाउने ठेक्का लिएकामा पण्डाल बनाउन बजारबाट ५२ लाख रुपैयाँ भन्दा बढी रकम उठाइसकेको बताए ।
मण्डलका अनुसार पण्डालमा बाँसको पूरै काम भइसकेको थियो भने अब त्यसमाथि त्रिपाल लगाउने काम बाँकी थियो । मण्डलले महाधिवेशन अगावै पुनः पण्डाल निर्माणको काम पूरा हुने बताए । जसपाको जेठ २८, २९ र ३० गते महाधिवेशन हुँदै छ ।

# पोखरालाई हरित सहरमा विकास गरिँदै

**कास्की ।**
पोखरालाई हरित सहरका रूपमा विकास गरिने भएको छ । महानगरपालिकालाई स्वच्छ सहरः हरित सहरको रूपमा विकास गर्न सम्भावित वृक्षरोपण क्षेत्र पहिचान तथा रणनीति तयारका लागि गठन गरिएको कार्यदलले अध्ययन प्रतिवेदन महानगरपालिकालाई बुझाएको छ । वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका उपप्राध्यापक डा शेषकान्त भण्डारीको संयोजकत्वमा अध्ययन कार्यदल बनाइएको थियो । अध्ययन प्रतिवेदनमा महानगर क्षेत्रमा दुई लाख २६ हजार दुई सय ६१ बिरुवा रोप्न सकिने उल्लेख छ । जसअन्तर्गत सार्वजनिक खुला क्षेत्रमा ७३ हजार चार सय ९० र सडक, नदी तथा खोला किनारमा एक लाख ५२ हजार सात सय ७१ वटा बिरुवा लगाउन सकिने कार्यदलका संयोजक डा भण्डारीले बताए ।
प्रतिवेदनमा महानगर क्षेत्रको सात सय किमी सडक तथा राजमार्ग, झण्डै ६९ किमी नदी तथा खोला किनार, २९ सार्वजनिकस्थलको एक सय २५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका बिरुवा लगाइने छ । सहरी वन व्यवस्थापनमा पूर्वाधारको अभाव, मानवीय अतिक्रमण, जनचेतनाको कमी, कानुनी जटिलता, जनशक्ति अभाव, प्राविधिक उपकरणको अभाव, अन्तरनिकाय समन्वयको अभाव र मौजुदा व्यवस्था कार्यान्वयनको कमजोर अवस्थालगायत चुनौती रहेको प्रतिवेदनमा औँल्याइएको छ ।
सहरी वन विकास तथा हरियाली प्रवर्द्धनका लागि वर, पिपल, शमी, पैयुँ, कोइरालो, टाँकी, लालीगुराँस, असारे, आँप, अमला, अशोका, कल्की फूल, राइखन्यु, गुलमोहर, बैँस, लालुपाते, कागजपाते, पालम, धुपी, बाँस, खयर, सिसौँ, पाखुरी, राजवृक्ष, रातोपाते, सिना एक्साटाविलीस, टिकोमा, कपुर, लिची, किम्बु, बेल, अम्बा, निमारो, कदम, रुद्राक्ष, बेडुला, नारेश्वर, जङ्गली केरालगायत बिरुवा लगाइने छ । रैथाने प्रजाति, स्थानीय बासिन्दाको रोजाइ, सौन्दर्य बढाउने प्रजाति, सदाबहार प्रजाति, धार्मिक महत्वका प्रजाति, पोखरा महानगरभित्र राम्रोसँग हुर्किरहेका प्रजाति, हुरीबतासबाट सजिलै नभाँचिने प्रजातिका आधारमा वृक्षरोपण गरिने बिरुवाका प्रजाति छनोट गरिएको कार्यदलले बताएको छ । महानगर क्षेत्रमा सहरी वनको व्यवस्थापन आवश्यक रहेको र खाली तथा खुला स्थानमा वृक्षरोपण गर्नुपर्ने भएकाले विज्ञहरूको कार्यदल बनाई सम्भावित स्थानको पहिचान गरिएको नगरप्रमुख धनराज आचार्यले बताए ।
हरित सहरको निर्माण केवल हरियालीसँग मात्र नजोडिने भन्दै प्रमुख आचार्यले यो वातावरणीय स्वच्छताप्रति स्थानीय सरकारको प्रतिबद्धतासमेत भएको बताए । प्रतिवेदनले पोखरालाई स्वच्छ सहरः हरित सहरको रूपमा विकास गर्न 'माइलस्टोन'का रूपमा काम गर्ने उनले विश्वास व्यक्त गरे । आफूहरू यसको कार्यान्वयनका लागि तत्काल काम थाल्ने उनले प्रतिबद्धता जाहेर गरे । नगर प्रमुख आचार्यको पहलमा महानगरको सहरी वन कार्यक्रमलाई सुदृढ गर्न र स्वच्छ सहर हरित सहरको लक्ष्य हासिल गर्न, सम्भावित वृक्षरोपणस्थल पहिचान गर्न, सहरी वन कार्यक्रम प्रवर्द्धन गर्न, उपयुक्त वनस्पति प्रजाति पहिचान गर्ने र महानगर क्षेत्रमा वृक्षरोपण सम्भाव्यताको योजना तयार गर्ने उद्देश्यले अध्ययन टोली गठन गरिएको थियो । रासस

# काठमाडौँदेखि सगरमाथा चुचुरोसम्म पैदलयात्रा




**काठमाडौँ ।**
आरोही राजेश लामाले काठमाडौँदेखि सगरमाथाको चुचुरोसम्म पैदल यात्रा गरेका छन् । उनले यात्रा शुरु गरेको ५७औँ दिनमा सगरमाथा आरोहण गरेका हुन् । गत अप्रिल १ तारिखका दिन काठमाडौँदेखि पैदलयात्रा शुरु गरेका उनले चार सय ३२ दशमलव ६ किलोमिटर दुरीको यात्रासँगै सगरमाथाको सफलतापूर्वक आरोहण गरेका हुन् ।
मंगलबार पत्रकार सम्मेलनमार्फत आरोहणका अनुभव सुनाउँदै लामाले दृढ सङ्कल्प र साहसिक मनोभावका कारण यात्रा सम्भव भएको बताए । इच्छा शक्ति, धैर्यता र अठोट भए जीवनमा महत्वपूर्ण उपलब्धि हासिल गर्नसक्छ भन्ने उदाहरण काठमाडौँदेखि सगरमाथा शिखर सम्मको यात्रा भएको उनले उल्लेख गरे । आगामी दिनमा नेपालको साहसिक गतिविधिमा सक्रिय हुने उनको भनाइ छ ।
काठमाडौँको सानेपाबाट सगरमाथा यात्रा शुरु गरेका ललितपुर निवासी लामा १५ दिनमा लुक्ला र २४ दिनमा सगरमाथा आधार शिविर पुगेका थिए । मे २० तारिखका दिन उनले सगरमाथा आरोहण गरेका थिए । पर्यटन क्षेत्रमा दशकभन्दा बढी अनुभव भएका लामा पर्वतारोहण व्यावसायिक पथ प्रदर्शक हुन् । 'द नर्थफेस' नेपालले लामालाई सगरमाथा आरोहणमा आवश्यक सहयोग गरेको थियो ।
कार्यक्रममा वरिष्ठ पर्यटन व्यवसायी एवं नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाले लामाको सगरमाथा यात्रा नेपालको पर्वतीय पर्यटनका लागि नयाँ आयाम भएको उल्लेख गरे । अन्तर्राष्ट्रिय पर्वतीय पथप्रदर्शक दावा याङजुम शेर्पाले लामाको साहसिक कार्य पर्वतारोहणका लागि प्रेरणा भएको धारणा राखे । 'द नर्थफेस' नेपालकी प्रबन्ध निर्देशक पेमा शान्ति शेर्पाले आरोहीको हौसलामा साथ सहयोग गर्न पाउँदा खुसी लागेको बताए । रासस

# झापा बाढीको उच्च जोखिममा

**झापा ।**
जिल्लाका अधिकांश पालिकाहरू बाढीको उच्च जोखिममा रहेकाले विपद् व्यवस्थापनको तयारी तीव्रगतिमा भइरहेको जिल्ला विपद् व्यवस्थापन समिति झापाले जनाएको छ । समितिले आपत्कालीन आश्रयस्थल तोक्ने, राहत वितरणको मापदण्ड बनाउने, जोखिममा पर्नसक्ने घरधुरीको तथ्याङ्क सङ्कलन गर्ने, पालिकाहरूमा 'फोकल पर्सन' तोक्ने र विपद् व्यवस्थापनकार्यलाई प्रभावकारी बनाउने प्रयास भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले बताए । जिल्लाका १५ पालिकामध्ये बाढीको उच्च जोखिममा छवटा पालिका रहेका छन् । गौरीगञ्ज, कचनकवल, बाह्रदशी, कमल गाउँपालिका, शिवसताक्षी र भद्रपुर नगरपालिका बाढीको उच्च जोखिममा रहेको उनले बताए । उनका अनुसार मेचीनगर, गौरादह, अर्जुनधारा, कनकाई, दमक नगरपालिका बाढीको मध्यम जोखिममा रहेका छन् भने हल्दिबारी, बुद्धशान्ति गाउँपालिका र विर्तामोड नगरपालिका न्यून जोखिममा रहेका छन् । यस वर्ष अत्यधिक वर्षा हुने मौसम विभागको प्रक्षेपणअनुसार समितिले जिल्लामा करिब आठ हजार नौ सय १९ घरधुरी बाढीका कारण प्रभावित हुने आकलन गरेको छ । जिल्लामा बाढीबाट विस्थापित हुनसक्ने परिवारलाई राख्न सम्बन्धित स्थानका विद्यालय, सामुदायिक भवन, रेडक्रस, स्वास्थ्यचौकी लगायतका दुई सय ५० वटाभन्दा बढी स्थानलाई आकस्मिक आश्रयस्थल तोकिएको उनले बताए । उनले भने, 'समितिले विपद् प्रतिकार्य योजना नै बनाएर अघि बढेको छ । जनधनको क्षति हुन नदिन सबै प्रकारका उपाय अलवम्बनको तयारी छ ।' प्रहरी, सेना, रेडक्रस र स्थानीय पालिका प्रमुखहरूसँग समन्वय गरेर विपद् व्यवस्थापनका लागि एकीकृत योजना बनाइएको उनले जानकारी दिए । जिल्ला विपद् व्यवस्थापन समिति झापाले मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नै तयार गरेर सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग आवश्यक सामग्रीको तयारी गर्न आग्रह गरेको छ । जिल्लामा धेरै प्रकारका विपद् भएता पनि प्राथमिकीकरणका आधारमा पहिलो नम्बरमा बाढी प्रकोप भएकाले यसबाट जनधनको क्षतिलाई न्यूनीकरणका लागि स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तयार रहेको उनले बताए । उनले जिल्लाका मेची, निन्दा, रतुवा, मावा, कनकाई, विरिङलगायत दर्जनौँ नदीबाट हुनसक्ने बाढी र डुबान प्रभावितलाई उद्धारका लागि लाइफ ज्याकेट, रबर बोट, रेस्क्यू हेल्मेट, प्लास्टिकजन्य ट्युब र एम्बुलेन्स तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई आग्रह गरिएको बताए । बाढीका कारण जिल्लामा प्रत्येक वर्ष ठूलो धनजनको क्षति व्यहोर्नु परिरहेको छ । नेपाल रेडक्रस सोसाइटी झापा शाखाको तथ्याङ्कअनुसार सात वर्षमा बाढीकै कारण ६० जनाको मृत्यु भएको छ । विसं २०७३ देखि २०७९ सम्ममा ६० जनाको मृत्यु र छ जना बेपत्ता भएको तथ्याङ्कमा उल्लेख छ । रासस

## मोदी तेस्रोपटक...

सक्ने अनुमान गरिएको छ । निर्वाचन आयोगको तथ्याङ्कले भाजपा र यसका सहयोगीहरूले कुल पाँच सय ४३ मध्ये कम्तीमा दुई सय ८२ सिटमा अगाडि रहेको देखाएको छ । यो संसदीय बहुमतका लागि पर्याप्त छ ।
तर भाजपा स्वयम् भने दुई सय ३९ सिटमा मात्र अगाडि छ । पाँच वर्षअघिको निर्वाचनमा भाजपाले प्राप्त गरेको तीन सय तीन सिटभन्दा यो धेरै कम हो । कांग्रेस भने अघिल्लो निर्वाचनमा जितेको ५२ सिटबाट बढेर ९९ मा अगाडि छ । पछिल्लो अपडेटअनुसार पाँच सय ४२ सिटका लागि भएको लोकसभा निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) दुई सय ३६ सिटमा अग्रता हासिल गरेको छ । भाजपा नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) दुई सय ९९ सिटमा अगाडि रहेको निर्वाचन आयोगले जानकारी गराएको छ ।
त्यसैगरी एनडिएको विपक्षी भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (इन्डिया) ले दुई सय २६ सिटमा अग्रता हासिल गरिरहेको छ र अन्य १८ सिटमा अगाडि रहेका छन् । काङ्ग्रेस ९२ सिटमा, समाजवादी पार्टी ३४ सिटमा, द्रविड़ मुन्नेत्र कड़गम (डिएमके) २१ सिटमा, तृणमूल काङ्ग्रेस ३० सिटमा, शिवसेना (उद्धव ठाकरे) १० सिटमा, एनसीपी (सपा) आठ सिटमा, माकपा पाँच सिटमा र आम आदमी पार्टी तीन सिटमा अगाडि छन् ।

## पर्साका नेताःजिल्लामा 'ढाडसका...

आपूर्ति मन्त्री थिए । उनको कार्यकाल सामान्य रह्यो । देशको आर्थिक नगरी भनेर चिनिने पर्साका उद्योगी, व्यवसायी तथा साना व्यापारीका लागि उनले खास केही गर्न नसकेको गुनासो गाईंगुईं चल्ने गरेको छ । जिल्लामा कांग्रेसका प्रभावशाली नेताका रुपमा चर्चामा रहने उनी केन्द्रको राजनीतिमा भने प्रभावहीन देखिन्छन् । एक थान मन्त्री बन्नुबाहेक रिजालको अरु केही उपलब्धी नभएको पर्साका जनताको बुझाइ छ ।
यी दुवै नेताको जिल्लामा आफ्नो राजनीतिक प्रभाव देखिए पनि केन्द्रमा उनीहरुको केही नचल्ने पुष्टि आगामी वर्षको बजेट विनियोजनबाट प्रष्ट भएको छ । पर्साका जनताले वीरगंज चिनी मिल, कृषि औजार कारखाना, नारायणी रंगशाला, नारायणी अस्पतालको स्तरोन्नतिका लागि निकै पहल गरे । तर, यी नेताहरुको बजेट विनियोजनमा केही प्रभाव देखिएन । बजेटमा रंगशाला, कारखाना र मिलको चर्चासमेत छैन । मन्त्री बनेपछि गृहजिल्ला आएका यादवले आफ्नो भाषणमा नारायणी अस्पतालको लागि १ अर्ब रुपैयाँ बजेट छुट्याएको सगौरव सुनाएका थिए । तर, बजेट आएपछि उनको खोक्रो आश्वासन 'हात्ती आयो–हात्ती आयो फुस्सा' सावित भएको छ । त्यही भएर होला यी नेतामा पनि मन्त्री बनेको केही दिनमै 'ढाडसका भारी–डिब्बा खाली' भन्ने उखान चरितार्थ भएको छ ।

*उत्कृष्टता एक शतत् प्रक्रिया हो,*
*कुनै दुर्घटना होइन ।*
*–अब्दुल कलाम*

## सम्पादकीय

# विश्वासको मतमै बित्यो कार्यकाल

*मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार पाँचौँपटक विश्वासको मत लिने कार्यक्रम छ । केन्द्रमा सत्ता गठबन्धन फेरिएपछि नेकपा एमाले र माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री यादवले यसपटक भने विश्वासको मत पाउने सम्भावना झिनो देखिएको छ । बुधबार डेढ वर्षको अवधिमा पाँचौँपटक विश्वासको मत लिन लागेका मुख्यमन्त्री यादवले पछिल्लोपटक नेकपा एमाले र नेकपा माओवादी केन्द्रको राजनीतिक छिनाझप्टीमा पटकपटक विश्वासको मत लिन परेको हो । कुनै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले बुधबार दिउँसो ३ बजे विश्वासको मत लिने कार्यसूची छ । २०७९ पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त यादवले पहिलोपटक २०७९ माघ ४ गते विश्वासको मत लिएका थिए भने तत्पश्चात २०८० जेठ १ गते मधेश सरकारमा रहेको नेकपा एमालेले समर्थन फिर्ता लिएपछि जेठ ३० गते दोस्रो पटक विश्वासको मत लिएका थिए । तेस्रो पटक २०८० फागुन ६ गते विश्वासको मत लिनुपरेको थियो । सरकारबाट जनमत बाहिरिएपछि लिइएको विश्वासको मतमा प्रदेशसभाको एक सय सातमध्ये उनले ६९ मत प्राप्त गरेका थिए । जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रदेश संसदीय दलका नेता यादवलाई नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेपाल सङ्घीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरूले समर्थन गरेका थिए । त्यसबेला एमाले र यसअघि दुई पटक विश्वासको मत दिएको जनमत पार्टीसमेत विपक्षमा रह्यो । पछि सत्ता साझेदार नेपाली कांग्रेस समर्थन फिर्तासहित सरकारबाट बाहिरिएपछि पुनः २०८१ वैशाख ४ गते चौथोपटक विश्वासको मत लिएका थिए यादवले । त्यसबेला एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल सङ्घीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत दिएका थिए । चारैपटक सत्ता गठबन्धनमा फेरबदल आएपछि विश्वासको मत लिनुपरे पनि सरकारको नेतृत्व भने परिवर्तन भएको थिएन ।*

*यादवले दुई पटक सबैजसो प्रदेशसभा सदस्य र दलको विश्वासको मत प्राप्त गरे भने तेस्रो पटक नेकपा (एमाले) र जनमत पार्टी, चौथो पटक नेपाली कांग्रेस, जनमत र लोसपाको साथ पाएनन् । यसपटक भने मुख्यमन्त्री यादव नेतृत्वको सरकारलाई अहिलेसम्म नेपाली कांग्रेसले मात्र विश्वासको मत दिने निर्णय गरेको छ । यसहिसाबले मुख्यमन्त्री आवद्ध पार्टी जसपाका १९ र कांग्रेसका २२ गरी ४१ सांसद उनको पक्षमा देखिएका छन् । यसअघि विपक्षमा रहेको नेपाली कांग्रेसले म.गलबार मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने निर्णय गरेको छ । मधेश प्रदेश सरकारबाट नेकपा (एकीकृत समाजवादी) पनि बाहिरिएको छ । सरकारबाट बाहिरिएसँगै जसपा नेपाल नेतृत्वको सरकारलाई दिइएको समर्थनसमेत फिर्ता लिने निर्णय भएको छ । केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरूले जनमत पार्टीको नेतृत्वमा नयाँ सरकार बनाउने तयारी गरिरहँदा यसपटक भने जसपा नेपालको मधेश प्रदेश सरकारबाट ६ वर्षपछि बहिर्गमन लगभग देखिएको छ । केही गर्छु भनेको जसपा सरकारले मधेश प्रदेश सरकारमा आफ्ना मुद्दामा समेत काम गर्न भ्याएन या सकेन, इतिहासले समीक्षा गर्नेनै छ ।*

**लेखक वर्गमा अनुरोध**

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

**कार्यक्रम आयोजकमा अनुरोध**

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# व्यक्ति, परिवार, समाज र वातावरण संरक्षण



सञ्जय साह मित्र



आजभोलि हिमाल पग्लने चिन्ताले सताउन थालेको छ । हरेक वर्ष गर्मीले नयाँ रेकर्ड बनाउँदै लगेको छ । जनजीवनमाथि पनि वातावरणीय ह्रासको प्रभाव देखिन सुरु भइसकेको चर्चा हुन थालेको छ। वातावरणलाई गम्भीर रुपमा लिन थालिएको देखिन्छ तर अझै मौखिक सचेतना बढी र व्यावहारिक सचेतना कम भएको बुझिन्छ। वन र पर्यावरणको सम्बन्ध सबैले बुझेका छन् तर वनको संरक्षण हुन सकेको छैन । नदीको दोहन र पर्यावरणबारे सधैँ चर्चा भइरहन्छ तर दोहन रोकिँदैन। मानव बस्तीमा रुखबिरुवाको महत्व करिब सबैले बुझेका छन् तर गाउँघरदेखि सहर बजारमा पनि रुख बिरुवा खासै पाइँदैन। जमिनमुनिको पानीको सतह सुक्दै गइरहेको छ, धेरै ठाउँमा पानीको हाहाकार भइरहेको छ, कलधारामा पानी आउन छोडिसकेको छ तर पनि व्यवहारमा खासै गम्भीरता कतै पाइँदैन।

वातावरणको रक्षा हरेक व्यक्ति, परिवार र समाजको पनि दायित्व हो। अहिलेकै दरमा यदि पृथ्वीको तापक्रम बढिरहने हो भने भविष्यमा मानिसको जीवनमाथि कस्तो असर गर्ने हो ? गम्भीरतापूर्वक विचार गर्नुपर्ने देखिन्छ। साथै सम्भव भएसम्म हरेक व्यक्तिले आफ्नो परिवेशमा कसरी अलिकति बढी हरियाली ल्याउन सकिन्छ ? यस विषयमा पनि गम्भीर हुनुपर्ने चेतनाको विस्तार गर्नुपरेको छ । जताततै ढलानको सडक बनिरहँदा पर्यावरणमैत्री सडक हुनुपर्नेतिर सम्भवतः अझै पनि सोचाइ जान सकेको छैन । धेरै शक्तिशाली रहेको स्थानीय सरकारले पर्यावरणको लागि केही दरिलो कदम चाल्ने हो भने धेरै हदसम्म सकारात्मक परिणाम देखिन सक्छ। कम्तीमा पर्यावरणमैत्री नीति सार्वजनिक गरेर थोरै भए पनि ध्यान दिन सके र सर्वसाधारणलाई आश्वस्त पार्न सके पर्यावरणको क्षयलाई केही कम गर्न सकिन्थ्यो तर यस विषयतिर वर्षको एक दिन विश्व वातावरण दिवसको दिन अत्यधिक चिन्ता र चासो व्यक्त गर्ने गरिन्छ । अनि, फेरि जस्ताको तस्तै सामान्य दिन सुरु भइहाल्छ।



कम्तीमा हरेक शिक्षित व्यक्तिले वातावरणलाई जोगाउन आफ्नै परिवेशमा केही काम गर्ने हो भने त्यसको प्रभाव विस्तारै विस्तार हुन थाल्छ । जस्तो कि हरेक व्यक्तिले कम्तीमा एउटा बिरुवा रोपेर हुर्काउने । त्यस विरुवासित आफूलाई यसरी जोड्ने कि मानौँ त्यससित प्रेम छ । बिरुवालाई प्रेम गर्दा मानसित शान्ति पनि प्राप्त हुन्छ । बिरुवालाई हुर्काउने र त्यसको फल वा फूल वा पात जे काम लाग्ने हुन्छ, उपभोग्य हुन्छ, उपभोगमा आनन्दको अनुभूति गर्ने । मानौँ कुनै फूलको विरुवा रोप्ने हो भने फूलको सुन्दरता हेरेर रमाउन सकिन्छ, फूलबाट पूजा गरेर आनन्दित हुन सकिन्छ। यदि तुलसी, एलोबेरा जस्ता वनस्पति रोप्ने हो भने तुलसीको पूजा गर्दा वा तुलसीको पातले पूजा गर्दा वा तुलसीको पातलाई चिया बनाएर खाँदा आफ्नोपनको अनुभूति गर्न सकिन्छ। केही सकिँदैन भने गमलामा एउटा खुर्सानी रोपेर हुर्काउन सकिन्छ । एउटा खुर्सानीको बोट हुर्काउने हो भने त्यसमा मानौँ यदि दश खुर्सानी फल्छ भने यस देशमा रहेका लाखौँ परिवारले यही गर्दा देशमा खपत हुने सम्पूर्ण खुर्सानीमध्ये कम्तीमा एक दिन बराबर आफ्नै गमलामा उब्जेको हुन्छ। यसबाट एक दिन विदेशबाट खुर्सानी आउँदैन, एक दिनको खुर्सानी आयात रोक्न सक्छौँ जसबाट देशलाई पनि फाइदा हुन्छ।

अझ सकिन्छ भने वातावरणलाई बढी फाइदा हुने वनस्पति रोप्न सकिन्छ । ठाउँको उपलब्धताअनुसार वनस्पति रोप्न सकिन्छ। यदि जमिन नै खाली छ भने तरकारी हुने वा फल प्राप्त हुने दीर्घकालीन वनस्पति रोप्न सकिन्छ। घरनजिकको बारीमा एक दुई रुखकटहर लगाउने हो भने केही वर्षपछि शुद्ध अर्गानिक तरकारी पाउन सकिन्छ, कटहरको काठ पनि महँगोमा बिक्री हुन्छ र वातावरणलाई पनि राम्रो हुन्छ। यस्तै अम्बा, आँप, लिची, पिराँड जस्ता फलफूल र तरकारीको बोट लगाउन सकिन्छ। आफ्नै आँगन र बारीको तरकारी तथा फलफूल खाँदा त्यसको स्वाद बजारको भन्दा निकै फरक हुन्छ। आफ्नोपनको गन्धले हृदयलाई स्पर्श गरिरहेको हुन्छ । प्रेमको सुगन्ध त्यसबाट आइरहेको हुन्छ। अझ ताजा, विषादिरहित र आवश्यकता परेकै बेला तरकारी तथा फलफूलको उपभोग गर्न पाउँदा समय, श्रम र अर्थ सबैको बचत गर्न पुग्छ तथा स्वास्थ्यको रक्षा गर्ने हुन्छ। फलफूल र तरकारीको वास्तविक स्वादले मानसिक स्वास्थ्यलाई पनि सकारात्मक प्रभाव पार्न सक्छ। स्वाद पनि पाइने, स्वास्थ्य पनि पाइने र आर्थिक बचत पनि हुने काम घर, परिवारको लागि हुन्छ भने आफूले लगाएको विरुवाबाट नै आफ्नो लागि सासको व्यवस्था पनि गर्न सकिएको हुन्छ । अलिकति यसरी पनि विचार गर्न सकिन्छ, मैले दिनभरिमा लिने सासमध्ये मेरो आर्जनको सास कतिओटा होलान् ? अर्थात्, मैले रोपेको वा संरक्षण गरेको बिरुवाले दिने अक्सिजनले मेरो कतिपटकको सासलाई पुगेको छ ? जुन सास लिइरहेका छौँ, जुन सास बिना बाँच्न सकिँदैन, त्यस सासमध्ये आफूले रोपेको वा आफूले हुर्काएको बोटविरुवाको सास कति छ ? यदि यस दृष्टिकोणले विचार गर्ने हो भने के म आफ्नो सासमा आत्मनिर्भर छु ? सासमा आत्मनिर्भरताको बाटोमा अगाडि बढ्ने हो भने वास्तवमा पर्यावरण सन्तुलनमा धेरै महत्वपूर्ण योगदा पुगेको अवस्था पाउन सकिन्छ किनभने हरेक व्यक्तिले कम्तीमा दुई चारओटा ठुला रुख हुर्काउनुपर्छ।

पर्यावरणलाई वर्तमानसित मात्र हेरेर हुँदैन । पर्यावरण हाम्रो भविष्य पनि हो। पर्यावरण हामीले मात्र उपभोग गर्ने होइन, स्वयं पर्यावरणले पनि उपभोग गर्ने हो । पर्यावरणमा आइरहेको असन्तुलनको असर मानिसमा मात्र पर्ने देखिँदैन, वनस्पति, चराचुरुङ्गी तथा कीरा फट्याङ्ग्रा र अन्य जीवजन्तुमा पनि पर्ने हुन्छ। वन्यजन्तुलाई पनि अप्ठ्यारो हुन्छ। पहाड, हिमाल तथा तराईमा पर्ने हुन्छ । आजभोलि हिमालको हिउँ पग्लिइरहेको भन्ने चिन्ता व्यक्त गर्न थालिएको छ । धेरै प्रजातिका जीवजन्तु तथा वनस्पति नै लोप हुन लागेको कुरा पनि आइहरेको छ गर्मीले । वातावरणीय प्रभावले जनजीवनमाथि नकारात्मक असर परिरहेको पनि बताइन्छ। अझ कतिपयले वातावरणमा आइरहेको नकारात्मक प्रभावले मानव स्वास्थ्यमाथि पनि नकारात्मक प्रभाव पर्न थालेको छ। यसरी मानव स्वास्थ्यमा असर देखिन थालेको अवस्थामा सबैतिरबाट चिन्ता व्यक्त गरिनु स्वाभाविक हो र यसै स्वाभाविक चिन्तामा हरेक व्यक्तिले आफ्नो लागि, परिवारको लागि र समाजको लागि पनि चिन्तन गर्नु परेको छ कि कसरी हुन्छ पर्यावरण सन्तुलनमा अर्थात् पर्यावरण जोगाउनको लागि आफूले योगदान दिन सकूँ।

पर्यावरण सन्तुलन बनाइरहन तथा परिरहेको असरलाई अझ कम गर्नको लागि केन्द्र सरकारले अभियान नै संचालन गर्नुपर्छ । प्रदेश सरकारले सम्भव भएसम्म रुख बिरुवा रोपेर यसबाट फाइदा लिनको लागि पनि विचार गर्नुपर्छ । तर पालिका सरकारले धेरै नै सकारात्मक काम गर्न सक्ने देखिन्छ। पालिकाहरुले हरित अभियान संचालन गर्न सक्छन्। जहाँ ऐलानी वा सार्वजनिक जमिन छ, त्यहाँ कुनै अर्को प्रयोजन नहुन्जेलसम्मको लागि काठ र फल दुवै दिने रुखहरु रोप्न सक्छन्। काठ र फल दुवै हुने बिरुवाका तिन फाइदा हुन्छन्, थपमा पर्यावरणमा पनि सुधार हुन्छ। यसै गरी नदी किनार तथा सडकको किनारलाई पनि पालिकाहरुले रुख रोपेर सौन्दर्यीकरण गर्नुका साथै भविष्यमा आयको लागि तयार पार्न सक्छन्। पालिकाहरुले हरेक घरधनीलाई रुख रोप्न अनिवार्य बनाउन पनि सक्छन्। वा, हरेक वर्ष कम्तीमा एक विरुवा एक परिवारलाई उपलब्ध गराउने अभियान संचालन गर्ने हो भने दश वर्षका निकै सकारात्मक प्रभाव देखिन सक्छ । अझ अलिकति अगाडि बढेर निजी वनको लागि पालिकाहरुले प्रोत्साहन दिन सक्छन् र हरेक पालिकाले कम्तीमा केही बिगाहा जमिनमा यस्तो वनको विकास गर्न सक्छन् जहाँ आफ्ना पालिकाका बालबालिकालाई वर्षमा एक दिन पुग्न मन लागोस्। मानिसले हुर्काएको नमुना वनको रुपमा विकास गर्न सकिन्छ।

वास्तवमा, पर्यावरणलाई सन्तुलनमा ल्याउन मानिसले मन र कर्म दुवैले लाग्नु परेको छ। अहिलेको समयमा हरेक व्यक्ति र हरेक परिवार सचेत हुनु परेको छ । अब विस्तारै यो देखिनु जरुरी छ कि कुन व्यक्ति कति सचेत छ पर्यावरणप्रति । कुन परिवारले कस्तो योगदान दिइरहेको छ र कुन समाज वा गाउँमा सबैभन्दा बढी रुख बिरुवाहरु रहेका छन् वा कुन गाउँले कतिसम्म पर्यावरण सन्तुलनमा महत्वपूर्ण योगदान दिइरहेको छ।

# प्रतिनिधिसभाः किसानलाई क्षतिपूर्ति दिन माग



**काठमाडौँ ।**
प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा विभिन्न पार्टीका सांसदहरुले बालीमा क्षति व्यहोरेका किसानलाई क्षतिपूर्ति दिन माग गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले चितवनको केराखेतीमा भएको क्षतिबारे सरकारको ध्यानार्कषण गराउँदै १५ करोड रुपैयाँ बराबरको क्षति भएको बताउँदै पीडित किसानलाई तत्काल बीमा रकम उपलब्ध गराउन सरकारसँग माग गरे । उनले गत वर्षको भुक्तानी किसानले पाउनुपर्ने माग गरे । उनले चितवन र खैरनी जिल्लामा मकै, केराखेती र वर्षे धानमा भएको क्षतिको विवरण प्रस्तुत गर्दै सम्बन्धित मन्त्रालयले तत्काल राहतको व्यवस्था गर्नुपर्ने बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद विक्रम पाण्डेले गणतन्त्र शासन व्यवस्थामा पनि जनताको जीवनस्तरमा उल्लेख्य सुधार नआएको बताए । किसानहरुले समयमा बीउबिजन र मल प्राप्त गर्न नसकेकातर्फ सांसद पाण्डेले ध्यानाकर्षण गराए । आगामी आवको बजेट कार्यान्वयन गर्न सहज नहुने उनले बताए । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सांसद अम्मरबहादुर थापाले दैलेख जिल्लाको गुरास गाउँपालिकाका राजेश शाही २०७८ सालदेखि बेपत्ता भएका भन्दै उनको खोजीका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराए । उनले अपाङ्गता भएका व्यक्तिहरुका समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

जनता समाजवादी पार्टीका सांसद रन्जुकुमारी झाले चुरे क्षेत्रको संरक्षणमा सरकारको ध्यानाकर्षण गराउँदै वर्षायाममा हुन सक्ने प्राकृतिक विपत्तिको जोखिमप्रति सतर्क रहन सुझाव दिइन् । जनमत पार्टीका सांसद अब्दुल खानले संविधान संशोधनको माग गरे । जनता समाजवादी पार्टी नेपालका सांसद रेखा यादवले एनसेल कर प्रकरणको छानबिनबारे स्पष्ट पार्न गृहमन्त्रीसँग जवाफको माग गरिन् । उनले युवावर्गलाई विदेसिनबाट रोक्नुपर्ने बताइन् । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले तराई मधेशमा खोनपानीको समस्यातर्फ आफूले पटक–पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको बताए ।

नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले मनसुनको जोखिममा रहेका भेगका बासिन्दालाई समयमै स्थानान्तरणको प्रबन्ध मिलाउन आवश्यक भएको विचार व्यक्त गरे । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले स्थानीय तहमा राष्ट्रिय परिचयपत्रका लागि विवरण भरेका ज्येष्ठ नागरिक र अशक्त अपाङ्गता भएकाको अनलाइन दर्ता नभएको हुँदा पुनः जिल्ला प्रशासनमा धाउनुपर्ने बाध्यताबारे सरकारको ध्यानाकर्षण गराए । उनले राष्ट्रिय परिचयपत्र नहुँदा सामाजिक भत्ता नपाउने अवस्था उत्पन्न हुनहुँदैन भने । राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले सहकारी अपचलनमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन सरकार चुक्न नहुने बताए ।

आम जनता पार्टीका सांसद प्रभु साहले तराई मधेसमा खानेपानीको समस्याबारे सदन र सरकारको ध्यानाकर्षण गराउँदै चुरे संरक्षणका लागि सबै निकाय सचेत हुनुपर्ने सुझाव दिए । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले तराईका समुदायप्रति सरकार र बजेट उदासीन रहेको आरोप लगाए ।

स्वतन्त्र सांसद योगेन्द्र मण्डलले हुलाकी सडक रङ्गेलीदेखि थाकखोलासम्म बनाउन थालेको पाँच वर्ष पूरा भइसक्दा पनि निर्माणसम्पन्न नभएको गुनासो गरे । नेपाली कांग्रेसको सांसद शान्ति विकले भेदभावरहित समाज निर्माणका लागि आह्वान गरिन् । उनले राजनीतिक व्यवस्था परिवर्तन भएता पनि दलित समुदायप्रतिको सोच र व्यवहार परिवर्तन हुन नसक्नु राजनीतिक दलका लागि चुनौतीको विषय भएको बताइन् । नेपाली कांग्रेसका सांसद रमा कोइराला पौड्यालले प्रतिपक्षको भूमिका निर्वाह गर्दा आफूहरूमाथि सरकारबाट बल प्रयोग भएको आरोप लगाइन् । रासस

# अपाङ्गता भएकालाई सहयोगी उपलब्ध गराउन माग

**काठमाडौँ ।**
राष्ट्रियसभाको मंगलबारको बैठकमा नेपाली कांग्रेसका पदमबहादुर परियार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद कृष्णप्रसाद अधिकारीले अपाङ्गता भएका व्यक्तिलाई सहयोगी उपलब्ध गराउन माग राखेका छन् । उनीहरुले बैठकमा अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चितताको माग गर्दै शान्तिवाटिकामा ३६ दिनदेखि अनशनरत अपाङ्गता भएका दीपक भण्डारी बिरामी भएर अस्पतालमा भर्ना भएका सदनलाई अवगत गराए । अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐन २०७४ लागू गर्नुपर्ने र तत्काल अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा सहयोगीको उपलब्ध गराउनुपर्नेमा सांसद परियारले जोड दिए । सांसद अधिकारीले सहाराविहीन अपाङ्गता भएका व्यक्तिलाई सहयोगीको व्यवस्था गर्ने नियामावलीलाई यथाशीघ्र लागू गर्न सम्बन्धित मन्त्रालयलयाई निर्देशन दिनुपर्ने बताए । रासस

# मनसुनजन्य विपद् व्यवस्थापनमा लाग्न सुझाव

**काठमाडौँ ।**
प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसदहरुले आसन्न मनसुनजन्य घटनाबाट हुन सक्ने सम्भावित क्षतिको आकलन गरी न्यूनीकरण र रोकथामका योजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न माग गरेका छन् । बैठकमा नेपाल कम्युनिष्ट (एमाले) का रघुजी पन्तले बाढी र पहिरोबाट हुन सक्ने क्षतिको प्रक्षेपण सार्वजनिक भसकेकाले त्यसको रोकथामको योजना बनाएर कार्यान्वयन गर्न माग गरे । सोही दलका मानवीर राईले सोलुखुम्बुमा बाढी, पहिरो र हिमपहिरोको जोखिम भएकाले रोकथामको पूर्वतयारीमा जुट्न सम्बद्ध निकायलाई आग्रह गरे । नेकपा एमालेकै मनबहादुर गुरुङले हुरी र वर्षाबाट कास्कीको रुपा गाउँमा भएको क्षति भएको र पीडितलाई सघाउन सरकारको ध्यानाकर्षण गराए ।

सोही दलका भीम आचार्यले सुनसरीको इनरुवा हुँदै भण्टाबारी जाने रेलमार्गका लागि तोकिएको मुअब्जा नपाउँदा स्थानीयवासी प्रभावित भएका बताए । एमालेकै महेश बर्तौलाले मकवानपुरको दामन र सिमभञ्याङ क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न बजेट विनियोजन हुनुपर्ने माग गरे । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का माधव सापकोटाले वर्षायाम शुरु हुन लागेकाले तातोपानी नाका स्तरोन्नतिका लागि चीनसँग भएको सहमति कार्यान्वयनका लागि ध्यानाकर्षण गराए ।

नेपाली कांग्रेसका रामहरि खतिवडाले मध्यपहाडी राजमार्गको घुर्मी पुल वर्षायाम प्रारम्भ हुनुअघि बनाउन माग गरे । सोही दलका मैना कार्कीले भेरी करिडोरको स्तरोन्नति र पुल निर्माण गर्न विलम्ब भएको बताइन् । माओवादी केन्द्रका मीना तामाङले काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालको सहकार्य टुट्न नहुनेमा जोड दिइन् । एमालेका मेनुकाकुमारी पोखरेलले दाङको आगलागीबाट क्षति भएकाहरुलाई क्षतिपूर्ति दिन माग गरिन् । एमालेकै सांसद रणकुमारी बलम्पाकीले शिक्षक दरबन्दी व्यवस्थापन मिलाउन आग्रह गरिन् ।

नेपाली कांग्रेसका राजेन्द्रकुमार केसीले गोप्य सूचना बेचेको भनेर उपप्रधानमन्त्री एवं गृहमन्त्रीले संसदमा लगाएको आरोपको पुष्टि हुनुपर्ने माग गरे ।

सो समयमा मङ्गलप्रसाद गुप्ता, माओवादी केन्द्रका रणेन्द्र बराइली कांग्रेसका रामनाथ अधिकारी, राष्ट्रिय प्रजातन्त्र पार्टीका रोशन कार्की, कांग्रेसका राजेन्द्र बजगाईँ र रुपा बिक, एमालेका रुक्मिणी राणा बराइली, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झाले समसामयिक विषयमा ध्यानाकर्षण गराएका थिए । रासस

# ‘महिला मन्त्रालयलाई कम महत्व दिनु गैरजिम्मेवार’

‘आधा प्रतिशत जनसंख्या रहेको महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायत सबैको अभिभावकत्व गर्नुपर्ने मन्त्रालयमा बजेट दिन कन्जुस्याइँ गर्दा सोचेजस्तो र भनेजस्तो कार्य सम्पादन हुन कठिन हुन्छ । काम धेरै गर् भन्ने स्रोत दिन नसक्ने । साँच्चिकै यो त पितृसत्तात्मक सोचबाट राज्य नै उम्किन नसकेको हो कि भन्ने क कता भान हुन्छ ।’

**- भगवती चौधरी**
**मन्त्री**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय



राज्यको अर्थतन्त्रले भविष्य कस्तो बनाउने खाका निर्धारण गर्छ । अर्थमन्त्री वर्षमान पुनले गत मङ्गलबार २०८१/८२ को बजेट भाषण गरे । जसमा सबैभन्दा बढी बजेट अर्थ मन्त्रालयका लागि विनियोजन भएको छ मन्त्रालयभरिमा सबैभन्दा कम बजेट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई रहेको छ । आगामी आर्थिक वर्षमा महिला मन्त्रालयलाई एक अर्ब ६० करोड रुपैयाँ मात्रै बजेट छुट्याइएको छ । सधैँ जस्तै महिला मन्त्रालय पुरानै बजेटमा चित्त बझाउनुपर्ने बाध्यतामा छ । मन्त्री भगवती चौधरीले बजेटमा विभेद भएको महसुस गर्छिन् । आधा प्रतिशत जनसंख्या रहेको महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायत सबैको अभिभावकत्व गर्नुपर्ने मन्त्रालयलाई कम महत्व दिन खोजिनु नहुने उनको भनाइ छ ।

आर्थिक सर्वेक्षण २०८० मा सङ्घीय संसद्मा महिला प्रतिनिधित्व ३३ दशमलव पाँच प्रतिशत, प्रदेशमा ३६ दशमलब ३६ प्रतिशत र स्थानीय तहमा महिला प्रतिनिधित्व ४१ प्रतिशत रहेको तथ्याङ्क छ । गणतन्त्रपछि समानुपातिक सहभागिताको प्रतिनिधित्वको प्रतिफल राम्रो देखिए पनि महिलाहरु नेतृत्व तहमा भने पुग्न नसकेको उनको भनाइ छ । उनी राज्यको वास्तविक विकास महिला एवं सीमान्तकृत वर्गको उन्नतिबाटै सम्भव छ भन्छिन् । प्रस्तुत छ, यिनै सवालहरुको सेरोफेरोमा मन्त्री चौधरीसँग राससका उपसमाचारदाता मधु शाहीले गरेको कुराकानीको सम्पादित अंशः

**तपाईंले महिला मन्त्रालय जिम्मेवारी सम्हाल्नेबित्तिकै सीमान्तकृत महिला लक्षित कार्यक्रम ल्याउने बताउनुभएको थियो । कस्तो कार्यक्रम भन्न खोज्नु भएको हो ?**

– तल भएको जो गरिबीको रेखामुनि भन्दा तल छ । विश्वमा दुई डलरभन्दा कम आम्दानीलाई बुझिन्छ । त्योभन्दा कम कमाउने व्यक्तिलाई भुइँमान्छे भन्छन् । नेपालले पनि तोकिदिएको छ, न्यूनतम ज्याला दैनिक पाँच सय ज्याला भनेर त्यो ज्याला पनि नपाउने मान्छे कति छन् त ? त्यस्ता व्यक्तिलाई हामीले टिप्नु पर्‍यो । अहिले हामीले ‘छोरी आत्मनिर्भर’ कार्यक्रममा यिनै भुइँमा परेका छोरी, बुहारी लक्षित कार्यक्रम अघि सारेका छौँ ।

उनीहरुको क्षमता विकासका लागि आवश्यक पर्ने सम्पूर्ण आधारशिलामा जोड दिइरहेका हुन्छौँ । त्यस्तै, बजार पनि जोड्न खोजेका छौँ । उनीहरु साना उद्यमी बनाएर दुईचार जनालाई रोजगार दिन सक्ने समेत हुन सकून् । सीमान्तकृत भनेको सामाजिक, सांस्कृतिक, आर्थिक, जातीय एवं वर्गीय दृष्टिले एकदमै तल परेकालाई अवसर दिनु हो । यस्तो समुदायलाई कसैले सोध्दै न सोध्ने, वास्तै नगर्ने गरिएको छ । यो सीमान्तकृतको सिद्धान्तअनुसार व्यवहार भएनन् नि । त्यसैले मैले पिँधमा परेका समुदायको प्राथमिकता दिनु भन्ने गर्छु ।

**‘बजेटमा प्रधानमन्त्री छोरी’ कार्यक्रम, ‘आगामी वर्ष महिला उद्यमी वर्ष मनाउने’ जस्ता योजनाहरु बजेटमा आएका छन् । यी कार्यक्रमहरुको कार्यान्वयन हुनेमा तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ ?**

–छोरीको सन्दर्भमा योजना बन्दा सकारात्मक नहुने त कुरै भएन, तर शीर्षक भएर मात्रै आनन्द दिने स्थिति छैन । योजना साकार पार्ने पैसाले हो । यसमा धेरै आशा गर्न सक्ने अवस्था छैन ।

**बजेट पर्याप्त भएन भन्न खोज्नुभएको हो ?**

– मैले भन्नुभन्दा पनि बजेट शैलीले नै त्यही प्रस्ट भन्छ । बजेट हामीले सोचेजस्तो आएन । महिलाका क्षेत्रमा बजेट एकदमै अपर्याप्त छ । हामीले सोचेका थियौँ केही नभए पनि नमूना कार्यक्रमका रुपमा दुई सय पालिकामा यस पालि छोरी आत्मनिर्भर कार्यक्रम पुर्‍याउनु पर्छ भन्ने थियो । हामीले पाँच वर्षको कार्ययोजना बनाएका थियौँ । सबै वडामा समान वितरण गर्नका लागि सात सय ५३ वटा स्थानीय तहमा पुर्‍याउन पाँच वर्षमा १६ अर्ब रुपैयाँ लगभग बजेट चाहिन्थ्यो । यो पुरानो कार्ययोजनाका लागि कम्तीमा एकदुई करोड मात्रै बजेट छुट्टिएको भए केही प्रभावकारी काम गर्न सकिन्थ्यो । प्रधानमन्त्रीले कम्तीमा तीन÷चार करोड आउला भन्दै हुनुहुन्थ्यो । हामी ढुक्क जस्तै भएका थियौँ, तर बजेट पहिले जस्तै झुक्काएर आयो । पहिलेको बजेट हेरेर महिला मन्त्रालयलाई सिलिङ कमै दिएको हो ।

**सीमित बजेटमा रहेर मन्त्रालयको थुप्रै जिम्मेवारीहरु कसरी सम्पादन गर्नुहुन्छ त ?**

– आधा प्रतिशत जनसंख्या रहेको महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायत सबैको अभिभावकत्व गर्नुपर्ने मन्त्रालयमा बजेट दिन कन्जुस्याइँ गर्दा सोचेजस्तो र भनेजस्तो कार्य सम्पादन हुन कठिन हुन्छ । काम धेरै गर् भन्ने स्रोत दिन नसक्ने । साँच्चिकै यो त पितृसत्तात्मक सोचबाट राज्य नै उम्किन नसकेको हो कि भन्ने कता कता भान हुन्छ । अर्थमन्त्रालयको नेतृत्वमा महिला नहुँदा लैङ्गिकताप्रतिको सोच फराकिलो नभएको हो कि भनेर अर्थमन्त्री र सम्मानीय प्रधानमन्त्रीसँग भनेकै हुँ । अपाङ्ता भएका व्यक्तिहरुले नैसर्गिक अधिकारको माग गर्दै आन्दोलन गरिरहनुभएको छ । उहाँहरुको मागलाई सम्बोधन गर्नका लागि कम्तीमा आठ÷दश करोड जरुरत पर्ने भएकाले माग गरिएको थियो । त्यस्तै, बाल सुधारगृहको अवस्था नाजुक छ । यसको परामर्शपछि शिक्षाको पाटोमा समेत लगानी गर्नुपर्ने अवस्था छ ।

**सरकारले बजेट भाषणमा ल्याएको ‘प्रधानमन्त्री छोरी कार्यक्रम’ को १० करोड बजेट विनियोजन गर्ने भनेको छ । के यो पनि पर्याप्त छैन र ?**

– मैले बजेट भाषणपछि प्रधानमन्त्रीलाई भेटेर यस विषयमा छलफल नै गरेको छु । प्रधानमन्त्री छोरी कार्यक्रम जति विशाल सन्देश दिएको छ, त्यति बजेट हेर्दा खुम्चिएको पाएँ । छोरी उत्थान नै गर्न भनेर बनाएको कार्यक्रममा सरकारले खुलेर लगानी गर्नुपर्छ । यसलाई नमूना कार्यक्रमका रुपमा सुरु गर्ने भनिएको छ ।

**कानुन तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको आर्थिक सर्वेक्षणले देखाएको छ । यसको सङ्केत अब महिला प्रतिनिधित्वमा सन्तुष्टि हुने बेला आएको हो ?**

– गणतन्त्रपछि समानुपातिक सहभागिताको प्रतिनिधित्वको प्रतिफल यस्तो देखिनु स्वाभाविक हो । यसलाई सहभागितामा महिला आए भन्न मिल्छ तर नेतृत्वमा पुगे भन्न चाहिँ अलि मिल्दैन । अहिले पनि महिलाको निर्णयात्मक तहमा अवरोध खडा गर्ने, हस्तक्षेप गर्ने प्रवृत्ति उस्तै छ । महिला आफैँ पनि कसरी निर्णयात्मक तहमा पुग्न क्षमता विकास गर्न सकिरहेका छैनन् । जस्तै, स्थानीय तहको एउटा उपप्रमुख÷उपाध्यक्षको अधिकार क्षेत्र व्यापक हुन्छ । उहाँहरुले त्यो अधिकारको भरपुर प्रयोग गर्न सक्नुभएको छैन । अब वडा सदस्यहरु त आलङ्कारिक पद मात्रै हो । वडाको कुन योजना कहाँ लाग्ने ? कसरी लागू गर्ने ? अधिकांशलाई थाहै हुँदैन ।

**तपाईंको विचारमा सहभागिता र नेतृत्व फरक हुन् ?**

–पक्कै पनि सहभागिता र नेतृत्व यी दुई शब्द फरक हुन् । सहभागिता हुँदैमा नेतृत्वदायी भूमिकामा आएको भन्न मिल्दैन । अहिले स्थानीय तहमा तपाईं हेर्न सक्नुहुन्छ, वडाध्यक्ष महिला कति नै छन् र ? औँलामै गन्न सकिन्छ । उपप्रमुख पनि थोरै नै छन् । सङ्घीय सरकारमा पनि उस्तै छ अवस्था । नेतृत्व तहमा ३३ प्रतिशत नै पुग्न पनि गाह्रो छ ।

**छोरीलाई सशक्त बनाउने आधारहरु के के होलान् ?**

– छोरी पहिला शिक्षित हुनुपर्छ । शिक्षित बनाउने नीति राज्यले नै ल्याउनुपर्छ । शिक्षा मन्त्रालयले केही प्रयास गरेको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पालामा उच्च शिक्षाको प्रमाणपत्र देखाएर ऋण लिन पाउने भन्ने भनिएको थियो । त्यो पनि बैङ्क तथा वित्तीय संस्थाले सहजै दिँदो रहेनछ । धितो नै खोज्दो रहेछ । त्यसकारण त्यसको सुनिश्चित गर्नका लागि अर्को जुनसुकै सरकार आए पनि त्यो कार्यक्रम निरन्तर गर्नुपर्थ्यो । अघिल्लो वर्ष नै विभिन्न मन्त्रालयमा पुगेर तपाईंको बजेट लैङ्गिकमैत्री भएन भन्दै झक्झकाउने काम गर्दै आएका थियौँ । सबैको सहयोगले मात्र छोरी सशक्त बन्न सक्छिन् । अर्को पछिल्लो समय आवश्यक भनेको ‘प्रतिरक्षात्मक’ तालिम दिन जरुरी छ । घरेलु हिंसा, मानव बेचबिखनलगायत शारीरिक यातनाबाट महिलाहरु पीडित छन् । यो संख्या तुलनात्मक रुपमा बढ्दो छ । बाटोमा हिँड्दाहिँड्दै, घरमा बस्दा, कार्यालयभित्र जहाँ त्यहीँ छोरी शारीरिक रुपले असुरक्षित बन्दै गएका छन् । अबका छोरीहरुलाई आत्मनिर्भरतासँगै प्रतिरक्षात्मक तालिम दिन आवश्यक छ । स्कूलबाटै प्रतिरक्षात्मक तालिम दिनुपर्छ । अहिले हामीले स्कूलस्तरमा तालिम दिने भनेर बजेटमा केही रकम छुट्याएका छौँ ।

**तालिमले नै महिला हिंसा रोकिएला त ?**

– महिला कसैको छोरी हो, कसैको श्रीमती हो र कसैको बुहारी हो । जब तपाईंले कुनै महिलालाई आफ्नै सदस्य हुन् भन्ने सोच्नुहुन्छ, त्यतिबेला हिंसात्मक मानसिकता रोकिन्छ । कुनै पनि महिला वा किशोरीसँग गलत व्यवहार गर्नुपूर्व आफ्ना आमा सम्झिनूस् । हिंसा आफैँ रोकिन्छ । रासस

# एमसिसी उपाध्यक्ष ब्रुक्सद्वारा अर्थमन्त्री पुनसँग भेट



**काठमाडौँ ।** नेपालको भ्रमणमा रहेका मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) उपाध्यक्ष जोनाथन ब्रुक्सले अर्थमन्त्री वर्षमान पुनसँग भेटवार्ता गरेका छन् । उपाध्यक्ष ब्रुक्स नेतृत्वको टोलीले मन्त्री पुनसँग मंगलबार सिंहदरबारस्थित मन्त्रालयमा शिष्टाचार भेट गरेको हो । भेटमा मन्त्री पुनले एमसिसी परियोजनाको काम पूर्वनिर्धारित मितिमै सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनले आयोजना समयमै सम्पन्न गर्न मन्त्रालयबाट सम्पादन हुनुपर्ने काममा सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे । 'एमसिसी कम्प्याक्टका आयोजना समयमा नै पूरा गर्न सरकार प्रतिबद्ध छ' अर्थमन्त्री पुनले भने । एमसिसी परियोजनाअन्तर्गतका आयोजनाको काम खण्डखण्डमा भइरहेकाले पनि आफू समयमै सकिनेमा विश्वस्त रहेको बताए ।

उपाध्यक्ष ब्रुक्सले एमसिसी परियोजनाअन्तर्गत निर्माणाधीन विद्युत् प्रसारण लाइन र सडक निर्माणमा भइरहेको प्रगतिबारे जानकारी दिएका थिए । उनले आयोजनाको हालसम्मको कार्यप्रगति सन्तोषजनक रहेको बताए । एमसिसी सम्झौताअन्तर्गत पाँच वर्षभित्र तीन सय १५ किलोमिटर लामो विद्युत् प्रसारण लाइन र ७७ किलोमिटर सडक निर्माण हुनेछ । आयोजनाले बुटवलबाट भारतको गोरखपुरसम्म सीमापार प्रसारण लाइन पनि निर्माण गर्नेछ । तीन सय १५ किलोमिटर लामो 'डबल सर्किट' चार सय 'किलोभोल्ट' प्रसारण लाइन निर्माण हुनेछ । आयोजनाअन्तर्गत नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित रातमाटे, तनहुँको दमौली र नवलपरासी पश्चिमको भूमहीमा सब–स्टेसन निर्माणको काम प्रारम्भ भएको छ । यसैगरी रातमाटेबाट काठमाडौँको लप्सीफेदीमा नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन चार सय केभी सब–स्टेसन र मकवानपुरको हेटौँडामा रहेको प्राधिकरणको चार सय केभी सब–स्टेसन दुवैमा रातमाटेबाट विद्युत् प्रवाह गरिनेछ । चार सय किलोभोल्ट क्षमताको विद्युत् प्रवाह गर्न सक्ने यो सब–स्टेसन देशको हालसम्मकै ठूलो प्रसारण लाइन हो । आयोजनाअन्तर्गत आठ सय ५६ वटा टावर बन्नेछन् । काठमाडौँ, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र पश्चिम नवपरासी जिल्लालाई प्रसारण लाइनले छुन्छ । परियोजनाअन्तर्गत तीन सय पाँच किलोमिटर रणनीतिक सडक सञ्जालको मर्मतसम्भार र गुणस्तर सुधारको काम हुनेछ । पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत दाङको भालुवाङबाट पश्चिमतर्फ धानखोला–लमही सडक खण्डको ४० किलोमिटर सडक नयाँ प्रविधिमार्फत विस्तार तथा सोही राजमार्गको दाङ र अर्घाखाँचीमा पर्ने लमही–शिवखोला खण्डको ३७ किमी सडक मर्मतको काम अघि बढेको छ । सन् २०१७ मा नेपाल र अमेरिका सरकारको एमसिसीबीच आयोजनासम्बन्धी हस्ताक्षर भएको थियो । उच्च राजनीतिक नेतृत्वमा लामो समयको छलफल र बहसपछि अन्ततः परियोजना कार्यान्वयन भएको हो । दुई वर्षअघि संसद्ले सम्झौता अनुमोदन गरेसँगै आयोजना कार्यान्वयनमा आएको हो । रासस

# बजेट उत्पादनमुखी छः मन्त्री

**काठमाडौँ ।** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक बजेटको प्रकृति वितरणमुखी नभई उत्पादनमुखी भएको बताएका छन् । राष्ट्रियसभाको मंगलबार को बैठकमा आगामी आर्थिक वर्षका लागि प्रस्तुत राजस्व र आयव्ययको छलफलमाथि उठेका प्रश्नको जवाफ दिँदै उनले विगतमा गरिएका आर्थिक सुधारका उपलब्धिलाई संस्थागत गर्ने र बदलिँदो विश्व अर्थ व्यवस्थामा मुलुकको वस्तुगत आवश्यकताको दृष्टिकोण बजेटमा रहेको सुनाए ।

बजेटले उत्पादन र रोजगारका अवसर सृजना गर्ने उल्लेख गर्दै उनले बजेटका माध्यमबाट समन्वयात्मक भूमिका निर्वाह गरी लक्षित राजस्व सङ्कलनमा सफलता मिल्ने विश्वास व्यक्त गरे ।

मन्त्री पुनले नयाँ करका रुपमा हरित कर थालनी गरिएको जनाउँदै मुलुकले सौर्य र नवीकरणीय ऊर्जातर्फ ध्यान दिएको जानकारी दिँदै आलु, प्याज र स्याउको आन्तरिक उत्पादनलाई संरक्षण गर्न मूल्य अभिवृद्धि कर हटाइएको बताए । रासस

# लुम्बिनी प्रदेशमा एक अर्ब १२ करोड बढी बेरुजु



**लुम्बिनी ।** लुम्बिनी प्रदेशमा एक अर्ब १२ करोड ६३ लाख रुपैयाँभन्दा बढी बेरुजु रहेको पाइएको छ । प्रदेश प्रमुख अमिक शेरचनसमक्ष मंगलबार बुझाइएको महालेखापरीक्षकको छैटौँ वार्षिक प्रतिवेदन २०८१ अनुसार त्यस्तो पाइएको हो । महालेखापरीक्षक लुम्बिनी प्रदेश कार्यालयका नायब महालेखापरीक्षक घनश्याम पराजुलीले प्रदेश प्रमुख शेरचनसमक्ष प्रतिवेदन पेस गर्नुभएको प्रतिवेदनमा यस वर्ष प्रदेश मन्त्रालय, समिति तथा अन्य संस्थासमेत गरी एक अर्ब १२ करोड ६३ लाख ४६ हजार रुपैयाँ बेरुजु कायम भएको उल्लेख छ ।

यस्तै, यहाँका एक सय नौ स्थानीय तहको ४ अर्ब ४८ करोड ९३ लाख ९१ हजार रुपैयाँ बेरुजु बाकी रहेको देखिएको छ । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख शेरचनले आर्थिक अनुशासन र पारदर्शिता सबैले पालना गर्नुपर्ने बताए ।

उनले नियम कानुनको उल्लङ्घन गर्ने जोसुकै सजायको भागीदार बन्नुपर्नेमा समेत जोड दिए । यसैबीच लुम्बिनी प्रदेश मुस्लिम आयोगले मंगलबार नै प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गरेको छ । रासस

# बजेटका विविध पक्षको मिहिन विश्लेषण




**काठमाडौँ ।** सत्तापक्ष र प्रतिपक्षका सांसदले आगामी आर्थिक वर्षको बजेटलाई मिहिन रुपमा विश्लेषण गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले आगामी आर्थिक वर्षको बजेटमा घोषणा गरिएको कर प्रणालीमा विरोधाभाष देखिएको बताएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा आव २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उनले बजेटले कर छल्ने अवस्थाको अन्त्य गरी स्वस्फूर्त रुपमा कर तिर्ने वातावरण बनाउन नसकेको बताए । उनले भने, 'सिद्धान्तबाहिरको कर लगाइयो भन्ने आरोप छ, आम्दानी र नाफा नहुने ठाउँमा कर लगाइयो भन्ने टिप्पणी छ, यसमा अर्थमन्त्रीले जवाफ दिनुपर्छ ।' वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशील बनाउने योजना बजेटमा समावेश नभएको उनको टिप्पणी थियो । 'कार्यक्रमबिना कृषि दशक घोषणा गरिएको छ, बाँझो जमिनको सदुपयोग गर्ने कार्यक्रम आउन सकेन' उनले भने ।

**बजेट महत्वाकाङ्क्षी**

नेपाली कांग्रेसका सांसद अर्जुनरसिंह केसीले नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेट यथार्थमा आधारित नभई महत्वाकाङ्क्षी भएको टिप्पणी गरे । बजेट वर्तमान आवश्यकतामा केन्द्रित नभएको र महत्वकाङ्क्षी भएको टिप्पणी गर्दै उनले भने, 'निराशालाई आशामा परिणत गर्ने दिशा यस बजेटले दिन सकेको छैन ।' सांसद केसीले बजेटको आकार ठूलो भएको र घाटा बजेट हुने स्थिति भएको टिप्पणी गर्दै चालु खर्चमा निर्मम कटौती देखाउन नसकेको जनाए । उनले पूँजीगत खर्च गर्न नसक्ने संयन्त्रलाई सक्षम बनाउन र निजी क्षेत्रलाई हतोत्साहित नगर्न आग्रह गरे ।

**बजेटमार्फत आर्थिक सुधारको नयाँ चरण घोषणा**

मंगलबारकै बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेटले आर्थिक सुधारको नयाँ चरण घोषणा गरेको बताए । उनले सन्तुलित रुपमा बजेट प्रस्तुत भएको बताए । बजेटले आर्थिक रुपान्तरणको स्पष्ट लक्ष्य किटान गरेको उल्लेख गर्दै उनले रोजगारी र उत्पादन वृद्धि, सूचना प्रविधि सेवा निर्यातबाट आर्थिक समृद्धि सम्भव भएको बताए । ऊर्जा, कृषिलगायत क्षेत्रको विकासका लागि बजेटले स्पष्ट खाका कोरेको जनाउँदै उनले भरतपुर, पोखरा बुटवललाई जोडेर घोषणा गरिएको गण्डकी आर्थिक 'त्रिभुज'ले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सघाउने बताए ।

सांसद रामकुमार राईले आगामी आर्थिक वर्षको बजेट नेपाली जनताको विश्वास जित्नेगरी ल्याइएको बताए । बजेटका पाँच प्राथमिकताले विद्यमान चुनौतीलाई समाधान गर्ने विश्वास व्यक्त गर्दै उहाँले बजेट कार्यान्वयन भने चुनौतीपूर्ण हुने बताए । यसैगरी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद गोकर्णराज विष्टले आगामी आर्थिक वर्षको बजेटले आर्थिक रुपान्तरणको घोषणा गरको भए पनि कार्यान्वयन अत्यन्त चुनौतीपूर्ण रहेको बताए । उनले बजेटमा नयाँ आर्थिक सुधारको उद्घोष गरिए पनि त्यो स्पष्ट नभएको टिप्पणी गरे । 'यो कसका लागि ? असमान आय घटाउन, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन, उत्पादन वृद्धि, राष्ट्रिय पूँजी वृद्धि, रोजगारी सृजना र गरिबका लागि वा उदारीकरणका बाँकी काम कार्यान्वयन गर्न ?' सांसद विष्टले प्रश्न गरे । उनले बजेटमा पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति र पाँच रुपान्तरणकारी क्षेत्र छुट्याइनु सकारात्मक रहे पनि कार्यक्रम र विनियोजन समुचित नभएको टिप्पणी गरे । 'बजेटमा कृषि लगानी दशक, सूचना प्रविधि दशक, महिलामा लगानी वर्ष भनिए पनि सम्बन्धित क्षेत्रमा विनियोजन घटेको अवस्था छ, यसले लक्ष्य प्राप्त गर्न कठिन छ' उनले भने । बजेटले आगामी आर्थिक वर्षमा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको भए पनि पर्यटन पूर्वाधारमा लगानी नबढ्नुले आशङ्का बढाएको उनको भनाइ थियो । 'भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको योजना बजेटमा आउन सकेन, यसले आशङ्का बढाएको छ' उनले भने । उत्पादनमूलक क्षेत्रमा लागानी वृद्धि नभएसम्म आर्थिक वृद्धि सम्भव नहुने भन्दै खर्च गर्ने विधि, आयोजनामा न्यून विनियोजन तथा खर्च प्रणालीमा सुधार ल्याउन ध्यानाकर्षण गराए ।

**बजेट परम्परागत छ, विद्यमान चुनौती सम्बोधन हुँदैन**

यसैगरी, बजेटमाथिको छलफलमा भाग लिँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले आगामी आर्थिक वर्षको बजेट परम्परागत भएको र यसले विद्यमान चुनौतीको सम्बोधन गर्न नसक्ने बताए । उनले प्रस्तुत बजेटले जनतामा आशाको सञ्चार गर्न नसकेको र त्यसले परम्पराको निर्वाह मात्र गरेको टिप्पणी गरे । सांसद लिङ्देनले भने, 'मुलुकको अर्थतन्त्रको अहिलेको अवस्थामा छलाङ मार्न सक्ने अवस्था छैन, बजेटले आशा जगाउन सकेको छैन ।' अनुमान, अनुदान र ऋणलाई आधार मानेर बनाएको बजेटले आर्थिक रुपान्तरणका लक्ष्य हासिल गर्न कठिन हुने बताए । 'कार्यक्रम फरक ढङ्गले आउनुपर्थ्यो, चालु आवमा चालु र पूँजीगत खर्चको दूरी व्यापक छ, त्यसलाई साँघुर्‍याउने प्रयत्न भएन' उनले भने ।

# अफगानिस्तानसँग यूगान्डा फराकिलो अन्तरले पराजित

**मधेशदृष्टि**
**वीरगंज ।** आईसीसी टी–२० विश्वकप क्रिकेटमा अफगानिस्तानले विजयी शुरुवात गरेको छ । गुयान्डाको प्रोभिडेन्स मैदानमा आइतबार बिहान भएको खेलमा अफगानिस्तानले यूगान्डालाई एक सय २५ रनको फराकिलो अन्तरले हराएको हो । टस हारेर पहिला ब्याटिङ गरेको अफगानिस्तानले दिएको एक सय ८४ रनको लक्ष्य पछ्याएको यूगान्डा १६ ओभरमा अलआउट भयो । उसका रोबिन्सन ओबुयाले १४ र रियाजत अली शाहले ११ रन बनाउनुबाहेक अरुले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । अफगानिस्तानका फजलह हक फारुकीले ५ विकेट लिए । अफगानिस्तानले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय ८३ रन बनाएको थियो । उसका रहमान गुर्वाजले ७६ र इब्राहिम जद्रानले ७० रन बनाए ।




त्यस्तै, सोमबार राति भएको समूह 'डी'को पहिलो खेलमा दक्षिण अफ्रिकाले श्रीलङ्कालाई पराजित गरेको छ । अमेरिकाको न्युयोर्कस्थित नासौं काउन्टी इन्टरनेशनल क्रिकेट रङ्गशालामा सम्पन्न खेलमा दक्षिण अफ्रिकाले श्रीलङ्कालाई छ विकेटले हराउँदै विजयी भएको हो । अठहत्तर रनको सामान्य लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले १६ दशमलव दुई ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो ।

# बाढीका कारण १८ को मृत्यु ६ लाख बढी प्रभावित

**सिन्हा**
**नयाँदिल्ली ।** भारतको उत्तरपूर्वी राज्य आसममा आएको बाढीका कारण १८ जनाको मृत्यु हुनुका साथै छ लाख भन्दा बढी मानिसहरू प्रभावित भएको मङ्गलबार अधिकारीहरुले बताएका छन् । बाढीले दश जिल्लाहरु होजाई, करिमगञ्ज, मोरिगाँव, नगांव, दिमा–हसाओ, कछार, डिब्रुगढ, हैलाकान्डी, गोलाघाट र कार्बी आङ्लोङ पश्चिममा असर परेको छ भने स्थिति गम्भीर छ ।



आसाममा दश जिल्लाहरुमा छ लाख २५ हजार तीन सय १८ जना मानिसहरु बाढीबाट प्रवावित भएको एक अधिकारीले जनाएका छन् । विगत २४ घण्टामा चार जनाको ज्यान गए सँगै बाढीबाट मृत्यु हुनेका संख्या १८ पुगेको हो । यसै गरी कछार जिल्लामा एक जना बेपत्ता भएको जनाइएको छ । अधिकारीहरुले हाल ५७७ गाउँहरू डुबानमा परेको जनाउँदै प्रभावित जिल्लाहरुमा करिब छ हजार २३ हेक्टर बाली क्षेत्र क्षतिग्रस्त भएको उल्लेख गरेका छन् । आसम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडीएमए) का अनुसार स्थानीय सरकारले प्रभावित क्षेत्रमा ११९ राहत शिविर तथा १०८ विवरण केन्द्र खोलेको छ । प्रभावित क्षेत्रमा रेल ट्रयाकमा क्षति पुगेको कारण केही रेलसेवाहरू पनि रद्द गरिएको अधिकारीहरुले बताएका छन् । यसैबीच, बाढी प्रभावित जिल्लाहरुमा उद्धार तथा राहतका लागि राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ) र राज्य विपद् प्रतिक्रिया बल (एसडीआरएफ) का कर्मचारीहरु तैनाथ गरिएको छ । गत महिना पश्चिम बङ्गालाल र बङ्गलादेशको तटमा आएको चक्रवात र भारी वर्षापछि आसम र मणिपुरका राज्यहरुमा बाढी आएको थियो ।

# पानीको कहानी बोकेर चुरेवासी माइतीघरमा




**काठमाडौँ।**

'दुर दुर गेला पर भी पानी नही भेटैछ, आब कोना जीब ? ताहि लेल हम सब सरकारी घर (सिंहदरबार) मे विरोध करय लेल आयल छी ।' अर्थात् टाढाटाढा गएर पनि पानी भेटिँदैन, हामी कसरी जिउने ? त्यसैले धर्ना दिन हामी सरकारी घर (सिंहदरबार) नजिक आएका हौँ । जनकपुर उपमहानगरपालिकाकी ५० वर्षीया शान्तिदेवी यादवले माइतीघरमा बसेर व्यक्त गरेको यो पानीको कहानीले जो कोही पनि मन भकानिन्छ । पच्चीस दिन पैदल हिँडेरै 'चुरे बचाऊ ः हामीलाई पानी देऊ सरकार' भन्दै उनी माइतीघरमा बसेर पानीका लागि गुहार माग्दै छन् । दिनभरको चर्को घाम समेत नभनी पैदल आउँदा सुनिएका खुट्टा अझै निको भएका छैनन् । 'कसलाई रहर थियो र ? यो घाममा जनकपुरदेखि हिँडेर आउन', उनी भन्छिन्, 'पानीको धेरै दुःख भयो सिंहदरबार नजिक आएपछि हाम्रो माग सुनुवाइ हुन्छ कि भन्ने लागेर माइतीघर आएका हौँ तर आजसम्म सुनुवाइ भएन ।' चुरे विनाशले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौँ लाइन बस्नुपर्ने कहानी सुनाहुन्छ यादव । 'पानी नपाएसम्म हामी त नफर्किने हो, मर्न परे यही मर्छौं', उनी भन्छिन् । सप्तरी राजविराजकी सुनिता साहको कहानी पनि उस्तै उदेयकलाग्दो छ । चुरेको बालुवा–ढुङ्गाको अत्यधिक दोहनका कारण चुरेको विनाश बढेको र खानेपानीको मुहान सुक्दा समस्या भोग्ने चुरेवासीमध्ये उनी पनि एक हुन् । 'आधा घण्टा हिँडेर पानी लिनका लागि जानुपर्छ, त्यो पनि घण्टौँ लाइन बसिसकेपछि मात्रै पाइन्छ', उनी भन्छिन्, 'चुरे क्षेत्रका ८० प्रतिशत चापाकलको पानी सुकेर पानी नै आउँदैन, जारको पानी किनेर प्रयोग गर्न सक्ने क्षमता छैन ।'

सिराहाबाट माइतीघरमा पानीको माग गर्दै धर्नामा बसेकी अर्की सङ्गीता सदाले पनि खानेपानीको समस्याले जीवन नै समस्या भएको भन्दै चुरे संरक्षण हुनुपर्ने बताउँछिन् । 'खानेपानी त छैन, कृषि बालीमा कसरी पानी लगाउनु ? सुकेर गइसक्छ', उनी भन्छिन्, 'पहिलापहिला सस्तो पाउने तरकारीहरु सुक्खाका कारण महङ्गो भएको छ ।' धनुषाकी फुलकुमारी मुखिया उमेरले ५० कटिसकिन । माइतीघरमा पानी खोइ ? भन्दै रित्ता भाँडाहरु राखिएका छन् । तिनै रित्तो भाँडो बोकेर पानी माग्न उनी पनि २५ दिनको पैदलयात्रा गरेर काठमाडौँमा छिन् । 'हाम्रो ठाउँमा सरकार नपुगेपछि सरकारको ठाउँमा हामी आयौँ, यहाँ आउँदा पनि हाम्रो धर्नालाई कसैले पनि देखेनन्', उनी भन्छिन्, 'पानीको समस्या भोग्नेलाई मात्रै थाहा हुन्छ यसको पीडा कति हुन्छ ? भनेर ।' धनुषाबाटै धर्नामा आएकी राधा चौधरीलाई भने सिंहदरबार आसपासमा आएर गरिएको माग ढिलै भए पनि सरकारले सुन्ला भन्ने विश्वास छ । चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका संयोजक सुनिल यादवले चुरे दोहन र वन विनाशका कारण पानीको स्रोत सुक्दै गएको चुरेवासी पानीको सङ्कटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानीको उपलब्धताका माग गर्दै धर्ना दिइएको जानकारी दिए । नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले माइतीघरमा पानीको माग राख्दै धर्नामा बनेका चुरेवासीको मागप्रति ऐक्यबद्धता रहेको बताए । 'हाम्रो चुरे संरक्षणको साझा सबैको साझा मुद्दा बनाउन र चुरे संरक्षणमा जुट्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छौँ', उनले भने । भू–गर्भविद् डा सुवोध ढकालले चुरे मासिँदा भूक्षय बढ्ने पहिरो जानेलगायत समस्याले त्यस क्षेत्र तथा तल्लोतटीय क्षेत्रको समेत पानीको स्रोत सुक्दै जानेलगायत समस्या उत्पन्न भएको बताए । 'खासमा तराईको जमिनको पानी रिचार्ज चुरेबाट हुन्छ, चुरेबाट जमिनमुनिबाट पानी छिरेर तराईसम्म पुग्ने हो जब चुरेमा भू–क्षय तथा पहिरो गयो भने जमिनमुनिको पानी सतहमाथि भएर खेर जाने र चुरेले जमिनमुनिको पानी रिचार्ज हुने काम कम भयो', उनले भने, 'समाधानका चुरेको पहिरो र भू–क्षय रोक्नुपर्छ र चुरेलाई बचाउन माथिल्लोतटीय क्षेत्र र तल्लोतटीय क्षेत्रबीच समन्वयकारी कार्यक्रमहरु लानुपर्ने हुन्छ ।' उनले जमिनमुनिको पानीको स्रोत बचाउन वनजङ्गल फँडानी र अतिक्रमण रोक्नुपर्ने बताए । ढकालका अनुसार विस्तृत रुपमा चुरे तथा तराई क्षेत्रका जमिनमुनिको पानीको सतह घटेको विषयमा अध्ययन–अनुसन्धान हुनुपर्ने र तत्कालीन र दीर्घकालीन समस्या समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।

खानेपानी मन्त्रालयका सिनिअर डिभिजनल इन्जिनियर मधु तिमिल्सिनाले खानेपानीको मन्त्रालयको बजेट विनियोजन घट्दै जाँदा खानेपानीको समस्या समाधान गर्नका लागि यथेष्ट कार्यक्रम राख्न नसकिएको बताइन् । उनले अन्तरसरकारी निकाय, तीनओटै तहको सरकारबीचको समन्वयका आधारमा खानेपानीको समस्या समाधानका लागि कार्यक्रम तय गर्न सम्भव हुने बताइन् । 'तराईमा खानेपानी सुधारका धेरै आयोजनाहरु बजेट अभावका कारण बन्न सकिरहेका छैनन्, डिपबोरिङ आयोजनाका लागि अर्थ मन्त्रालयसँग पहल गरेका छौँ सुनुवाई भइरहेको छैन', उनले भनिन् ।

**तराईका करिब दुई सय ८० आयोजनाहरु पम्प बिग्रिएका र अलपत्र परेका आयोजनाहरु छन् । चार अर्ब रुपैयाँ छुट्याएमा अधुरा आयोजना अगाडि बढाउन सकिने उनको भनाइ छ । आगामी आर्थिक वर्षका लागि मधेश प्रदेशका स्थानीय तहमा केही टिप बोरिङको कार्यक्रम राखिएको छ । खानेपानी मन्त्रालयले समेत चुरे क्षेत्रको दोहन रोकेर चुरे संरक्षण गर्दै खानेपानीको स्रोत जोगाउनका लागि वन तथा वातावरण मन्त्रालयलाई ध्यानाकर्षण गराएको जनाएको छ ।**

आगामी वर्षदेखि दिगो सुनकोसी–मरिन डाइभर्सन आयोजनाबाट तराईका केही जिल्लामा थोक वितरणबाट खानेपानी आपूर्ति गर्ने कि भन्ने विषयमा छलफल भएको उनले जानकारी दिइन् । चुरे दोहन बढ्दै जाँदा जमिनमुनिको पानी रिचार्ज हुन नसकेमा डिपबोरिङले पनि काम नगर्ने भन्दै दिगो समस्या समाधानका लागि चुरे जोगाउनुपर्नेमा उनले जोड दिइन् । वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले चुरे क्षेत्रको समस्या बहुआयामिक रहेको र चुरे संरक्षण तथा व्यवस्थापन गर्न बनाइएको २० वर्षे गुरुयोजना कार्यान्वयनमा लगानीको चुनौती रहेको बताए । 'राष्ट्रिय गौरवको आयोजनालाई नै प्रयाप्त स्रोत नै छैन । अन्य सरोकारवाला निकायसँगको समन्वय पनि राम्रो हुन सकेको छैन यसले चुरे क्षेत्रको सरक्षणमा बाधा पुगेको छ', उनले भने, 'तर चुरे संरक्षण नभएकै कारण चुरे तथा तराई क्षेत्रमा पानीको स्रोत सुक्यो भन्ने विषयमा कुनै अध्ययन अनुसन्धान नभएकाले यही नै कारण हो भन्ने आधार छैन ।' उनले चुरेको नदी उत्खनन्, वन विनास रोक्न र चुरे क्षेत्रको संरक्षण गर्न अन्तरसरकारी निकायबीचको समन्वय जरुरी रहेको जानकारी दिए । यसैगरी चुरेविद् विनोद भट्टले पनि चुरेको विनाश बढिरहँदा पहिरो तथा भू–क्षय जाने र पानीको स्रोत सुक्दै जाने क्रम पनि बढिरहेको भन्दै समयमा नै सरोकारवाला निकायले सचेतना अपनाउनुपर्नेमा जोड दिएका छन् । उनले भने, 'राष्ट्रिय गौरवको चुरे आयोजना र चुरे संरक्षण विपरीतका अरु विकासका आयोजनाहरु रहेका छन्, सरकारकै दोहारो नीतिले चुरेको संरक्षण कसरी हुन सक्छ ?' चुरे क्षेत्रको बजेट कनिका छरे झैँ छरिएको तर प्रभावकारी कार्यक्रम नभएको भन्दै यस विषयमा सम्बन्धित निकायले गम्भीरताका साथ सोच्नुपर्नेमा उनको जोड रहेको छ । यसैगरी वनविज्ञ डा सोनी बराल गौलीले पनि चुरे संवेदनशील क्षेत्र रहेको र वन विनाशका कारण चुरेको माटो बगेर जाने तथा पानीको स्रोत संरक्षणमा समेत असर पुगेको बताए । 'चुरेलाई कान्छो पहाडका रुपमा लिइन्छ, यहाँ खुकुलो माटो हुने भएकाले भूक्षय हुन्छ । वनजङ्गल भएमा यसका जराले चुरेको माटो समातेर राख्छ', उनले भने, 'चुरेमा वनजङ्गल भयो भने जमिनको पानी रिचार्ज हुने र पानीको स्रोत संरक्षण हुन्छ ।' संविधानको धारा ३५(४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हकको व्यवस्था गरिएको छ, तर नागरिकले उक्त मौलिक हकको प्रत्याभूति गर्न पाएका छैनन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङकअनुसार कूल ६६ लाख ६० हजार आठ सय ४१ परिवारमध्ये खानेपानीको मुख्य स्रोतका रुपमा धारा/पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने ३४ दशमलव छ प्रतिशत र धारा÷पाइप (घरपरिसर बाहिर) २२ दशमलव चार प्रतिशत, ट्युबवेल÷हातेपम्प २९ दशमलव आठ प्रतिशत, ढाकिएको इनार÷कुवा एक दशमलव पाँच प्रतिशतले प्रयोग गरेका छन् । दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा पानीको अभावलाई सम्बोधन गर्न तथा पानीको अभाव झेलिरहेको जनसंख्यालाई उल्लेख्य रूपमा घटाउन सबै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा वृद्धि गर्ने र स्वच्छ पानीको दिगो निष्कासन तथा आपूर्ति गर्ने दिगो विकास लक्ष्य लिएको छ ।

**घट्दै चुरेको बजेट**

चुरेमा अब प्रदेश र स्थानीय तहले पनि लगानी बढाउन आवश्यक रहेको सरोकारवालाहरुले बताउँदै आएका छन् । आगामी आव २०८०÷८१ का लागि एक अर्ब पाँच करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । चालु आव २०७९÷८० का लागि भने सरकारले चुरे संरक्षणको क्षेत्रमा दुई अर्ब १७ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर विस्तारै चुरे क्षेत्रको बजेट घटिरहेको भन्दै यसले चुरेको गुरुयोजना कार्यन्वयनमा चुनौती हुने भन्दै सरोकारवालाले गुनासो गरेका छन् । चुरे क्षेत्रको २० वर्षे गुरुयोजनाले तोकिएको वार्षिक रुपमा नौ अर्ब रुपैयाँ बराबरको रकम आवश्यक पर्ने उल्लेख गरेको छ । चुरे क्षेत्रका लागि विनियोजन भएको सीमित बजेट तर चुरेका असीमित अपेक्षाका कारण पनि उक्त योजनाहरु कार्यन्वयनका लागि थप चुनौती उत्पन्न हुने देखिन्छ । चुरे संरक्षणका लागि गुरुयोजनाअनुसार आगामी २० वर्षसम्म करिब दुई खर्ब ५० अर्ब रुपैयाँ लागत लाग्ने उल्लेख गरे पनि अनुमानित लागतअनुसारको अपर्याप्त बजेटका कारण गुरुयोजना कार्यन्वयनमा चुनौती देखिएको छ । चुरे क्षेत्रको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिले नै विनियोजित रकम कम भएको भन्दै गुनासो गरेको छ । समितिका अध्यक्ष डा किरण पौडेलले विनियोजित रकम भएको र अब प्रदेश तथा स्थानीय तहसँग समन्वय थालिने बताए । 'विनियोजित बजेट कम भएर आएको छ, यसकारण हाम्रा लक्षित कार्यक्रम कार्यान्वयनमा चुनौती थपिने छ', उनले भने, 'अब चुरे क्षेत्र जोगाएनौँ भने चुरे तथा तराई र भित्री मधेश क्षेत्रमा खानेपानीको विकराल समस्या निम्तन सक्छ ।' जमिनमुनिको पानी रिचार्ज प्रक्रिया बढाउन र पानीको स्रोत संरक्षण गर्न पोखरी निर्माण गर्नुपर्ने, वन जङ्गलको संरक्षण तथा चुरे दोहन रोक्नुपर्नेमा उनको जोड छ । 'यसका लागि सबै सरकारी निकायबीच समन्वय हुनुपर्छ र राजनीतिक दलको समेत प्रतिबद्धता आउनुपर्छ', उनले भने, 'समितिले मात्रै केही गर्न सक्दैन, सबैको सहकार्य भएन भने चुरेको समस्या बल्झिरहने छ ।' रासस

# बाथरोगः धेरै बिरामी उपचारको पहुँचबाट बाहिर



**काठमाडौँ ।**

मुलुकमा बाथरोगका धेरै बिरामी उपचारको पहुँचभन्दा बाहिर रहेका पाइएको छ । नेसनल बाथरोग सेन्टरका अनुसार देशमा करिब ३० लाख बाथरोगी रहेका अनुमान गरिएको छ, त्यसको १० प्रतिशत बिरामी मात्र सही उपचारको पहुँचमा पुग्ने गरेका छन् । नेपालमा बाथरोग आफैँ निको हुन्छ भन्ने सोचका कारण पनि यसका बिरामी उपचारमा नआउने गरेका छन् । सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले नेपालका धेरैजसो बिरामी सही उपचारको पहुँचमा नआउने गरेका र उपचार सेवासम्म आइपुगेका करिब ४० प्रतिशत बिरामीले मात्र बाथरोगलाई आफ्नो नियन्त्रणमा राख्न सकेका देखिएको पनि उनले बताए । उनका अनुसार अझै पनि नेपालमा बाथरोगका बारेमा जनचेतना जगाउनुुपर्ने खाँचो देखिएको छ । 'औषधि सेवन गरेपछि बीचमा छाड्ने, आफैँ जडीबुटी गर्ने तथा आयुर्वेदलगायतका एलोपेथिक बाहेकका औषधि खाने जस्ता कारणले उपचारमा आएका सबै बिरामीको रोग नियन्त्रणमा आउन सकेको छैन' उनले भने, 'बाथरोग आफैँ निको हुन्छ भनेर बीचमा नै औषधि नखाने प्रवृत्ति पनि धेरैमा देखिएको छ ।' बाथरोग नसर्ने दीर्घरोग भएकाले नियमित औषधि सेवन गरिरहनुपर्छ । त्यसैले जनचेतनाकोस्तर अझ बढाउनुपर्ने देखिन्छ । सेन्टरले बाथरोग पहिचानका लागि विभिन्न ठाउँमा शिविर राखेर निःशुल्क स्वास्थ्य परीक्षण गर्ने गरिरहेको उनले बताए ।

**औषधिले पूरै निको हुँदैन तर नियन्त्रण गर्छ**

उक्त बाथरोग विशेषज्ञ डा श्वेता नकर्मीले बाथरोगलाई पूर्ण रुपमा नियन्त्रण गर्न नसकिने बताउँछिन् । 'बाथरोग नियमित औषधिबाट निको पार्न सकिन्न' उनले भनिन्, 'रोगलाई नियन्त्रण गरेर विरामीलाई पहिल्येकै अवस्थामा लैजान भने सकिन्छ । तर पनि यो रोगको असर भने सधैँ देखिरहन्छ ।' अन्य विभिन्न रोगको असरका कारण, वंशाणुुगत र वातावरणीय प्रभावका कारण नेपालमा बाथरोग लाग्ने गरेको देखिएको छ । बाथरोग विशेषज्ञ डा नकर्मी 'अटोइम्युन डिजिज्' का कारणले बाथरोग लाग्ने गरेको बताउँछिन् । रोग प्रतिरोधात्मक क्षमतामा केही गडबडी आयो भने बाहिरी जीवाणुसँग लड्ने कोषिकाले आफ्नै शरीरको जोर्नी र अङ्गलाई नष्ट गर्न थाल्दछन् र त्यसबाट उत्पत्ति हुने रोगलाई नै बाथरोग भन्ने गरिएको उनी बताउँछिन् । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र इन्टरनेशनल ¥युम्याटोलोजी लिग (आइलार) को संयुक्त अध्ययनले जनसंख्याको ३० प्रतिशतमा ¬युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज् (हाडजोर्नी र मांशपेशी दुख्ने रोग) को समस्या हुने गरेको देखाएको छ । त्यसमध्ये १५ देखि २० प्रतिशतमा कम्मर तथा ढाड दुख्ने र घुँडा दुख्ने समस्या देखिएको अध्ययनमा उल्लेख गरिएको छ ।

**औषधि सधैँ सेवन गर्नुपर्छ**

नेपालमा बाथरोगको उपचार त्यति महँगो नभए पनि आम नेपालीका लागि भने यसको उपचार महँगो नै हुने गरेको बताइन्छ । बाथरोग पहिचानका लागि गरिने इम्युनोलोजिकल परीक्षण गर्नुपर्दछ र यो केही महँगो छ । बाथरोग र यसका अनेक प्रकारको पहिचानका लागि गरिने स्वास्थ्य जाँच केही महँगो हुने गरेको प्रबन्ध निर्देशक कक्षपतिले बताए । 'बाथरोगमा जीवनभर औषधि सेवन गर्नुपर्छ । यसका लागि मासिक करिब एक हजार दुई सय रुपियाँ जति खर्च हुन्छ । यसरी एकजनाको परीक्षण र औषधि समेत गरी वार्षिक २० हजार रुपैयाँ भन्दा केही बढी खर्च हुनसक्छ' उनले भने । धुँलो धुँवा, चुरोट पिउने, मदिरा सेवन गर्ने, युरिक एसिड हुने खानेकुरा जस्तै बढी मात्रामा माछा, मासु र धेरै चिल्लो पदार्थ खाने, बढी तौल भएका व्यक्ति, दातँको र फोक्सोको समस्या भएका व्यक्तिहरुलाई बाथरोगको जोखिम बढी हुने गरेको चिकित्सकको भनाइ छ । बाथरोग गर्भमा रहेका बच्चादेखि सबै उमेर समूहमा लाग्ने गर्दछ । पाँचदेखि १५ वर्ष उमेरसमूहका बच्चालाई मुटुको वाथ ज्वरो बढी हुने गर्दछ ।

**दुई किसिमका बाथरोग बढी**

हाडजोर्नी खिइने रोग जुन बुढेसकालमा बढी हुने र आम बाथरोग गरी दुई किसिमका बाथरोग नेपालमा बढी देखिने गरेको डा नकर्मी बताउँछिन् । तीमध्ये आमबाथ कडा खालको बाथ रोग हो । बाथ रोग लागेकामध्ये आम बाथरोग दुई तिहाई महिला र एक तिहाई पुरुषमा देखिने गरेको छ । चालीस वर्षभन्दा माथिका महिलालाई आम बाथरोग सुरु सुरुमा हाडजोर्नी दुख्ने, सुनिने, बिहान उठ्दा शरीर कक्रक्क पर्ने, मुठ्ठी पार्न र खोल्न गा¥हो हुने समस्या हुने गरेको छ । त्यसपछि बाथरोग कडा हुन थालेपछि ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, तौल घट्ने जस्ता लक्षण देखिन्छन् । त्यसपछि बाथरोगले फोक्सो, आँखा, मुटुमा असर गर्ने गर्दछ । विशेषज्ञ डा नकर्मीका अनुसार समयमै औषधि खाएन भने कालान्तरमा हातखुट्टाका जोर्नी बाङ्गो हुने, काम गर्न नसक्ने जस्ता समस्या हुने गर्दछ । बाथरोग सेन्टरले विगत १० वर्षदेखि काठमाडौँको रातोपुलगायत देशका विभिन्न आठ ठाउँ (ललितपुको पुल्चोक, भक्तपुरको टेखापुखु, पोखराको मुस्ताङचोक, झापाको शनिश्चरे रोड, बुटवलको सुख्खा नगर, दाङको तुलसीपुर र चितवनको भरतपुर) मा बाथरोग सेन्टर सञ्चालन गरेर बाथरोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको र समय समयमा ती स्थान र अन्यत्र निःशुल्क शिविरको आयोजना गरेर बाथरोग पहिचान तथा जनचेतना जागृत गर्ने काम गर्दै आएको छ ।

**बाथरोगका लक्षण**

बाथरोग लागेपछि हातका औँला दुख्ने वा सुनिने, बिहान उठ्ने बेला हात, खुट्टा र जीउ गह्रुँगो भई अप्ठेरो हुने, खुट्टाका बुढीऔँला वरिपरि रातो भएर टेक्न नहुने, गोलि गाँठो दुख्ने र सुन्निने, राति र बिहान ढाड दुख्ने र अप्ठेरो हुने, घुँडा दुख्ने र सुनिने जस्ता लक्षण देखिन्छ । बाथरोगको प्रारम्भिक लक्षण बिहान उठ्दा हातका औँला खुम्च्याउन गाह्रो हुने र दुख्ने, त्यसपछि विस्तारै सुनिने गर्दछ । यो अवस्थामा स्वास्थ्य जाँच नगराई दुखाइ कम गर्ने औषधि सेवन गरेर बस्दा रोग छिप्पिदै जाने हुनसक्छ ।

यस्तै कुर्कुचा दुख्ने (प्रायः बिहान उठ्ने बेला), पाइताला पोल्ने (प्रायः रातिको समयमा) वा झम्झमाउने, खुट्टा दुख्ने वा करकर खाने, जीउ गल्ने र छिटोछिटो थकान हुने, मांसपेशी कमजोर हुने, छालामा डाबर अथवा निको नहुने घाउ आइरहने, बारम्बार आँखा रातो हुने तथा दुख्ने, चिसोमा काम गर्दा हातखुट्टा निलो हुने आदि लक्षण बाथरोगका देखिन्छन् । बाथरोग सामान्य दुखाइदेखि डरलाग्दा किसिमका पनि हुने भएकाले बाथ लागेको शङ्का लागेपछि जतिसक्दो चाँडो परीक्षण गराउन यस रोगका विशेषज्ञ चिकित्सकहरुको सुझाव छ । सुरुमै रोगको पहिचान हुनसक्यो र औषधि सेवन गरियो भने यसको दीर्घकालीन असरबाट बच्न सकिने उनीहरु बताउँछन् । रासस

# कर्मचारी हटाएकोमा नारायणी अस्पताल समितिको आपत्ति





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पतालबाट एकैपटक हटाइएका ४७ जना कर्मचारी हटाएको भन्दै नारायणी अस्पताल विकास समितिले आपत्ति जनाएको छ । निमित्त मेडिकल सुपरिटेन्डण्ट (मेसु) डा. मोहम्मद एनामुल हकले सेवा अवधि समाप्त भएको भन्दै गलत मनसायले कर्मचारी हटाएको भन्दै अस्पताल विकास समितिले त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । मंगलबार अस्पताल विकास समितिका अध्यक्ष धिरज कुमार गुप्तासहितको सदस्यहरुले एक विज्ञप्ती जारी गर्दै यस्तो भनेका हुन् ।

सोमबार मात्रै मेसु डा. एनामुल हकले सेवा अवधि समाप्त भएको भन्दै एकैपटक ४७ जना कर्मचारीहरुलाई हटाएका थिए । बिना दरबन्दी अस्पतालमा नियुक्त भइ दैनिक ज्यालादारीमा कार्य गरिरहेका भन्दै उनीहरुलाई सेवाबाट बरखास्त गरिएको थियो । विज्ञप्तीमा नारायणी अस्पतालमा सेवाग्राहीको चाँपलाई मध्यनजर राखी सेवा विस्तार भइ सोही बमोजिम बिकास समितिको निर्णय अनुसार आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गरिएकोमा ज्येष्ठ २१ गते निमित्त प्रमुख मेडिकल सुपरिटेण्डेन्ट लगायतका कर्मचारीहरुको मिलेमतोमा पूर्वाग्रह राखी स्वेच्छाचारी मनोमानी तरिकाले कर्मचारी हटाईएको प्रति समितिको गम्भिर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ । नारायणी अस्पतालमा गरिब, असहाय तथा न्यून आर्थिक अवस्था भएका बिरामीहरुको चाँपलाई ध्यानमा राखि कर्मचारी व्यवस्थापन गरिएको समितिले जनाएको छ ।

अस्पतालबाट उक्त सङख्याका कर्मचारीहरु हटाइपछि थपिएको सेवा बन्द भएको र यसले सेवाग्राहीलाई पर्ने समस्याको सम्पूर्ण जिम्मेवारी निमित्त मेसु हक लिनुपर्ने विज्ञप्तीमार्फत चेतावनी दिईएको छ ।

# सूची सच्याउन महासंघलाई ४ पत्रकार संगठनको चेतावनी


मिति २०८१ जेठ २२ गते

प्रेस विज्ञप्ती

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले सार्वजनिक गरेको सदस्यता नामावली प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

जिल्ला शाखाले सर्वसम्मत रुपमा प्रदेश समिति मार्फत केन्द्रलाई सिफारिस गरेको नामावली विपरित चोर बाटोबाट पटक-पटक सार्वजनिक गरिएका सदस्यता नामावली प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

जिल्ला शाखाको सिफारिस विपरित केन्द्रीय समितिले सार्वजनिक गरेको नामावलीमा गैर पत्रकार समेत समावेश गरी ल्याइएको हाम्रो ठहर छ । विधानतः शाखा र प्रदेशबाट सिफारिस नै नभएका व्यक्तिको नाम समेत आश्चर्य चकित रुपमा केन्द्रले थपेर महासंघको गरीमा समेत घटाएको छ । तसर्थ पर्सामा सिफारिस विपरित कुनै पनि नाम उल्लेख गरि आएमा सो नामावली स्वीकार्य नहुने जानकारी गराउँदछौं ।

महासंघ विधि विधानसम्मत चल्दै आएको संस्थाका रुपमा स्थापित रहेको हुँदा कुनै व्यक्ति वा संस्थाको प्रभावमा प्रकृया मिचेर नाम थपघट गर्ने कार्यको छानविन गरी उचित कार्वाहीको माग समेत गर्दछौं । विधि विपरितको नामावली नसच्चिएसम्म पर्सामा निर्वाचनको कुनै प्रकृया अगाडी नबढाउन साथै निर्वाचन नहुँदा सृजित हरेक अवस्थाको जिम्मेवार स्वयम् केन्द्रिय समिति नै हुने छ ।

नेपाल पत्रकार महासंघको सुर्खेतमा सम्पन्न केन्द्रिय साधारण सभाबाट पारित सदस्यता शुद्धिकरण अभियानमा हामी पूर्ण प्रतिबद्ध रहेका छौं ।

| | | | |
|---|---|---|---|
| विजय महतो (चौहान) | तुलसी भण्डारी | शम्भु कुमार सुमन | वीरेन्द्र साह (हिटलर) |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | के. उपाध्यक्ष |
| नेपाल प्रेस युनियन | प्रेस चौतारी नेपाल | समाजवादी प्रेस संगठन | प्रेस मञ्च नेपाल |
| जिल्ला शाखा, पर्सा | जिल्ला शाखा, पर्सा | जिल्ला शाखा, पर्सा | केन्द्रिय समिति |

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघको सदस्यता विवाद समाधान नभएसम्म पर्सामा पत्रकार महासंघको निर्वाचन हुन नसक्ने पर्सामा सक्रिय चार संघ–संगठनले चेतावनी दिएका छन् । नेपाल प्रेस युनियन पर्सा, प्रेस चौतारी नेपाल पर्सा, समाजवादी प्रेस संगठन पर्सा र प्रेस मञ्च नेपालले मंगलबार एक संयुक्त विज्ञप्ति जारी गर्दै पत्रकार महासंघ केन्द्रिय कायसमितिले जिल्ला शाखा र प्रदेश शाखाले सिफारिस गरेको सदस्यताको नामावलीलाई लत्याएर चोर बाटोबाट सदस्यताको नामावली जारी गरेको आरोप चार संगठनले लगाएका छन् । केन्द्रिय कार्यसमितिले कुनै अमूक व्याक्ति र संस्थाको प्रभावमा परेर महासंघको विधान नै मिचेर सदस्यताको नाम थपघट गरेर जारी गरेको नामावली सूची नसच्याएसम्म पर्सा शाखाको निर्वाचनको कुनैपनि प्रकृया सुरु नगर्न पनि आग्रह गरिएको छ । यदि नामावलली नसच्याई निर्वाचनको प्रकृया सुरु गरिएमा त्यसबाट सृजित हुने प्रतिकुल परिस्थितीको जिम्मेवार केन्द्रिय कार्यसमिति हुने चेतावनी विज्ञप्ती मार्फत दिईएको छ । विज्ञप्तिमा नेपाल प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहान, प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष तुलसी भण्डारी, समाजवादी प्रेस संगठन पर्साका अध्यक्ष शम्भु सुमन र प्रेस मञ्च नेपालका केन्द्रिय उपाध्यक्ष वीरेन्द्र साह (हिटलर)ले हस्ताक्षर गरेका छन् ।

# नक्कली प्रमाण पत्र पेस गरी जागिर खाएका शिक्षकविरुद्ध भ्रष्टाचार मुद्दा




**मधेशदृष्टि**
**महोत्तरी ।**
नक्कली शैक्षिक प्रमाण पत्र पेस गरी राहत दरबन्दीमा विद्यालय शिक्षकमा जागिर खाएका अशोककुमार साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको बलवा नगरपालिका वडा नं. ९ धमौरास्थित राष्ट्रिय प्राथमिक विद्यालयमा अनुदान कोटामा शिक्षक पदमा कार्यरत साहविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दर्ता गरेको हो । साहले कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय भारतबाट नवीन उत्तर मध्यमा तह उत्तीर्ण गरेको भनी नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरेको अख्तियारले जनाएको छ । नक्कली प्रमाण पत्रका आधारमा साहले राष्ट्रिय प्राथमिक विद्यालय महोत्तरीमा २०६९ असोजदेखि राहत शिक्षक अनुदान कोटामा नियुक्ति लिएका थिए । उनले नक्कली विवरण पेस गरी ओहोदा, लाभ र सुविधा प्राप्त गरेकाले कैद र जरिवाना सजायको मागदाबी गरिएको अख्तियारले जनाएको छ ।

# मुख्यमन्त्री यादवको उपेक्षा पछि वीरगंजमा योजना अलपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रदेश सरकारको राष्ट्रिय गौरवको आयोजना अन्तरगत परेको मुख्यमन्त्री सौन्दर्यकरणको नाममा रहेको वीरगंजको चर्चित नगवा पोखरीको सौन्दर्यकरण बर्षौंदेखि अलपत्र भएको छ । वीरगंज महानगरपालिका वटा नं १६ मा रहेको नगवा पोखरीको सौन्दर्यीकारणको काम अलपत्र हुँदा छठ पुजा समेत प्रभावित भएको थियो । मधेश प्रेदशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले ५ बर्ष अगाडि सुरु भएको वीरगंजस्थित नगवा पोखरी सौन्दर्यीकरण निर्माण कार्य अहिले सरकारको नेतृत्व परिवर्तन भएसँगै अलपत्र अवस्थामा पुगेको छ । मुख्यमन्त्री जसपाका सरोज यादव पूर्व मुख्यमन्त्री लालबाबु राउतकै पार्टीको भए पनि राउतका योजनालाई यादवले उपेक्षा गर्दै आएको कारण मुख्यमन्त्री सौन्दर्यकरण अन्तरगत वीरगंजका नगवा पोखरी, माईदिया पोखरी लगायतका सौन्दर्यकरण गर्नका लागि बजेट विनियोजन भएका पोखरीहरु अलपत्र परेका छन । अहिले माईदिया पोखरीलाई खन्नेकाम शुरु भएको छ । वीरगंज महानगरपालिकाको समन्वयमा पोखरीको लम्बाई, चौडाई



तथा गहिराई बढाईएको छ । तर सौन्दर्यकरणको काम भने हुन नसकेको छैन । यता नगवा पोखरीको सौन्दर्यकरण २०७६ साल बैशाख २३ गते पोखरी निमार्णको सम्झौता भई काम सुरु भएको थियो । ५ वर्ष भईसक्दा पनि पोखरी निमार्णको कार्य भने ५० प्रतिशत समेत पुरा भएको छैन ।

२०७४ साल फागुन ३ गते मुख्यमन्त्री बन्ने वित्तिकै लालबाबु राउतले सबै भन्दा बढि मतपाएको वीरगंज महानगरपालिकाको वडा नं. १६ नगवामा छठ घाटको रुपमा रहेको नगवा पोखरीलाई सौन्दर्यकरण गर्ने उद्घोष गरेका थिए । उनको कार्यकालमा निर्माणका कामहरु अघि बढे पनि अहिले अलपत्र हुनाले स्थानीय निरासा छन् ।

पोखरीको अवस्था अलपत्र भएका कारण छठ पुजा लगायत यहाँ लाग्ने मेलामा पनि धैरे कठिनाई हुने गरेको स्थानीयको भनाई छ । ४ वर्ष देखि पोखरीको अवस्था यस्तै रहेको र सरसफाई मात्र हुने गरेको बताउँदै वीरगंज महानगरिपालिका वडा नं. १६ मा पर्ने एतिहासिक नगवा पोखरी प्रदेश सरकारको कारण लथालिङ्ग अवस्थामा पुगेको स्थानीयले बताए । मुख्यमन्त्री कार्यालयको प्रत्यक्ष निगरानीमा सुरु गरिएको यो परियोजनाको ठेक्का १० करोड १ लाख ३० हजार ६ सया ९ रुपैयाँमा एम एस प्रेरा, रन्जन जेबि ललिपुरले सकार गरेको थियो । पहिलो पटक नभएर दुई तीन पटक समेत म्याद थप्दा पनि पोखरीको सौन्दर्यकरण हुन नसकेको र प्रत्येक बर्ष प्रदेश सरकारले न्युन बजेट छुट्याउँदा बजेट नै फ्रिज हुँदै आएको छ ।

# श्रीलंकनलाई बन्धक बनाउने पाकिस्तानीविरुद्ध मुद्दा दर्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
तीन श्रीलंकन नागरिकलाई क्यानडा पठाइदिन्छु भन्दै काठमाडौँ ठमेलको होटलमा बन्धक बनाएको आरोपमा पक्राउ परेका ४ पाकिस्तानी नागरिकविरुद्ध संगठित अपराधको कसुरमा समेत मुद्दा दर्ता भएको छ । अपहरण तथा शरीर बन्धक गरेर संगठित अपराध गरेको कसुरमा पाकिस्तानी नागरिक जुबेर अमजद, सजेहान तनवीर, मलिक अब्दुल हमिद र अरिफ मसीविरुद्ध जिल्ला अदालत, काठमाडौँमा सोमबार मुद्दा दर्ता भएको हो । घटनामा संलग्न पाकिस्तानी नागरिक मुर्तजा असगर अली, श्रीलंकन नागरिक मोहमदु मुसरिफ र भारतीय



नागरिक नितिनकुमार शर्मा भने फरार छन् । जिल्ला प्रहरी परिसर काठमाडौँले पेस गरेको रायसहितको अनुसन्धान प्रतिवेदनको आधारमा उनीहरूलाई पनि फरार प्रतिवादी बनाएर मुद्दा दर्ता गरिएको हो । श्रीलंकन नागरिकलाई ठमेलस्थित सिस्टर होममा राखेर बन्धक बनाएको सूचना पाएपछि २२ चैत २०८० मा जिल्ला प्रहरी परिसर काठमाडौँको टोली गएर पीडितहरूलाई उद्धार गरेको थियो । अनुसन्धानका क्रममा आरोपीहरूले पीडितलाई श्रीलंकाबाट भियतनाम र भारत हुँदै काठमाडौँसम्म ल्याएको खुलेको थियो । त्यसक्रममा उनीहरूलाई सिस्टर होम होटलसँगै धनकुटा राजारानी गेष्ट हाउसमा समेत राखेर फिरौती लिएको प्रहरी अनुसन्धानबाट देखिएको थियो ।

होटलमा बन्धक बनाएर आफूहरूलाई कुटपिटसमेत गरेको भन्दै तीन श्रीलंकन नागरिकले प्रहरी कहाँ जाहेरी दिएका थिए ।

# टी–२० विश्वकपमा नेपालको संघर्षपूर्ण खेल

**मधेशदृष्टि**
**वीरगंज ।**
आइसिसी टी–२० विश्वकप २०२४ अन्तर्गत आफ्नो पहिलो खेलमा नेपालले नेदरल्यान्ड्सविरूद्ध संघर्षरत खेल खेल्यो । आफ्नो पहिलो खेलमा नेपालले जित निकाल्ने अपेक्षाले मैदान प्रवेश गरेको थियो, तर अपेक्षाकृत खेल प्रस्तुत गर्न सकेन । नेपालले कमजोर ब्याटिङ गर्यो । नेपालका अमेरिकाको डालासस्थित ग्रान्ड प्रिएरी क्रिकेट रंगशालामा नेदरल्यान्ड्सले टस जितेर फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभर पनि ब्याटिङ गर्न सकेन । नेपालले १९.२ बलमा सबै विकेट गुमाएर मात्र १०६ रन बनाउन सक्यो । नेपालका लागि कप्तान रोहित पौडेल मात्र विश्वकपमा साहसिक खेल प्रस्तु गरे । उनले ३७ बलमा पाँच चौकाको मदतमा सर्वाधिक ३५ रन बनाए । त्यसैगरी अनिल साह ११ रन, ओपनर कुशल भुर्तेल ७ रन, आशिफ शेख ४ रन, कुशल मल्ल ९ रन बनाए । अन्त्यमा आक्रमक ब्याटिङ गर्दै करण केसीले १२ बलमा दुई छक्काको सहयोगमा १७ रन बनाए भने गुल्सन झाले १५ बलमा १४ रन बनाए ।

बलिङतर्फ नेदरल्याण्डका टिम प्रिन्लग्ले र लोगन भान बीकले समान ३–३ विकेट लिए भने पाउल भान मिकेरेन र बास डे लेडेले समान दुई दुई विकेट लिए ।



नेपाली खेलाडी क्षमतावान रहेपनि ठूला प्रतियोगितामा हतोत्साहित हुने गरेको छ । नेपालको समर्थनमा अमेरिकी खेल मैदानदेखि काठमाडौँको टुडिखेल मैदानसम्म खेलप्रेमीहरु उत्साहित भएर नेपालको समर्थनमा जुटेका थिए । देशका विभिन्न स्थानमा ठूलो पर्दामा नेपालको खेल हेर्न समर्थकले व्यवस्था गरेका थिए । तर, नेपालको खेलले उनीहरुलाई निरास बनाएको थियो । विश्वकप प्रतियोगितामा नेपाल समूह 'डी' मा रहेको छ । नेपालको समूहमा दक्षिण अफ्रिका, बंगलादेश, श्रीलंका र नेदरल्याण्ड्स रहेका छन् । विश्वकपमा मंगलबार आफ्नो पहिलो खेल खेलेको नेपालले अब जुन ११ मा फ्लोरिडामा श्रीलंकासँग, जुन १४ मा सेन्ट भिनसेन्टमा दक्षिण अफ्रिकासँग र जुन १६ मा सेन्ट भिनसेन्टमै बंगलादेशसँग खेल्ने तालिका रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन